का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ चैत २०८१,
बिहीबार
20 March, 2025
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक ४६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# भारतलाई जस दिएर लोडसेडिङको तयारी

नेपालमा २०५९ सालदेखि लोडसेडिङ सुरु भएको हो । विद्युत् कटौतीको चरम अभाव भोगेका उपभोक्ताले मन्त्री खड्काको पछिल्लो भनाइबाट देश फेरि लोडसेडिङको युगमा प्रवेश गर्ने हो कि भन्ने त्रासमा जनता पुगेका छन्

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ६ चैत ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले अबदेखि साँझमा विद्युत् कटौती हुने घोषणा गरेपछि एक पटक फेरि लोडसेडिङको विषय चर्चामा आएको छ ।

राष्ट्रियसभाको बुधबार बसेको बैठकमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिने क्रममा मन्त्री खड्काले अब लोडसेडिङ रोक्न नसकिने बताए । अहिले भारतबाट ८२५ मेगावाट विद्युत् आयात भइरहेको र नेपालको उत्पादन पुग नपुग १ हजार मेगावाट मात्र रहेको उल्लेख गर्दै पृष्ठ २ मा

## कसरी भयो लोडसेडिङमुक्त ?

२०७१ सालमा नेपाल र भारतबीच 'विद्युत् व्यापार सम्झौता' भएपछि बिजुली आयातको बाटो खुलेको हो । तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाको नेतृत्वमा ४ कात्तिक २०७१ मा यो सम्झौता भएको थियो । सम्झौतापछि भारतबाट आयात हुने विद्युत्को मात्रा बढ्दै गयो । २०७२ पुस-माघतिर लोडसेडिङ पृष्ठ २ मा


# उजुरीलगत्तै पक्राउ नगर्न सिफारिस

प्रहरीमा उजुरी पर्ने र त्यसलगत्तै अदालतको अनुमति लिएर पक्राउ गर्ने प्रवृत्ति रहेको र यसमा सुधार गर्नुपर्ने सुझाव फौजदारी न्याय प्रशासन सुधार अध्ययन कार्यदलको छ

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ चैत ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ अनुसार कुनै व्यक्तिलाई फौजदारी कसुरको आरोप लागे जिल्ला अदालततको अनुमतिमा प्रहरीले नियन्त्रणमा लिन सक्ने व्यवस्था छ । तर, यसको प्रयोगका सम्बन्धमा पुनरावलोकन गर्न आवश्यक रहेको फौजदारी न्याय प्रशासन सुधार अध्ययन र सुझाव कार्यदलले औंल्याएको छ ।

महान्यायाधिवक्ता कार्यालयले




> उजुरी पर्नेबित्तिकै पक्राउ पुर्जी जारी हुन सक्ने प्रावधानले कसुर नगरेको व्यक्ति रहेछ भने अनाहकमा थुनामा जानुपर्ने भएकाले सच्याउनुपर्ने भनिएको हो । अन्यथा, त्यस्तो व्यक्तिको सम्मान तथा प्रतिष्ठामा चोट पुग्ने प्रवृतिले निरन्तरता पाइरहने अध्ययन प्रतिवेदनमा उल्लेख छ

गत वर्ष तत्कालीन महान्यायाधिवक्ता दिनमणि पोखरेलले 'फौजदारी न्याय प्रशासन सुधार अध्ययन तथा सुझाव कार्यदल' गठन गरेको थियो । उक्त कार्यदलले विशेष अवस्थामा मात्र पक्राउ पुर्जी जारी गरेर व्यक्तिलाई नियन्त्रणमा लिनुपर्ने सुझाव दिएको हो ।

उजुरी वा निवेदन पर्नेबित्तिकै पक्राउ पुर्जी जारी गर्दा त्यसले समाजमा नकारात्मक असर पर्न जान सक्ने भन्दै उजुरीलगत्तै पक्राउ गर्न सकिने व्यवस्था हटाएर सम्बन्धित ऐन संशोधन गर्न सरकारलाई कार्यदलको सुझाव छ ।

फौजदारी आरोप लागेका व्यक्तिलाई सुरुमै पक्राउ पुर्जी जारी गरेर सामात्न सकिने व्यवस्था मुलुकी फौजदारी कार्यविधि संहितामा छ । कार्यदलले यही संहितालाई पुनरावलोकन गर्न र आरोप लाग्नेबित्तिकै प्रहरीले नियन्त्रणमा लिने व्यवस्थामा शर्तहरू राख्न भनेको छ ।

यो सुझावसहितको कार्यदलको प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा छ । उक्त अध्ययन प्रतिवेदनमा फौजदारी न्याय प्रशासनको सुधारअन्तर्गत उजुरीलगत्तै पक्राउ नगर्न सिफारिस गरिएको हो ।

'जघन्य वा गम्भीर कसुर' गरेमा वा त्यस्ता कसुरको उद्योग, दुरुत्साहन वा आपराधिक षडचन्त्र गरेको व्यक्तिमाथि मात्र सुरुमै पक्राउ पुर्जी जारी हुनेगरी फौजदारी कार्यविधि संहिताको दफा ९ संशोधन गर्न उपयुक्त हुने सुझाइएको छ ।

'कुनै पनि व्यक्तिले जघन्य वा गम्भीर कसुर गरेमा वा त्यस्ता कसुरको उद्योग, दुरुत्साहन वा आपराधिक षडचन्त्र गरेको वा सो कसुरमा मतियार भएको कसुर वा त्यस्ता कसुरको अभियुक्तलाई लुकाएको वा पृष्ठ २ मा

# दराजमै थन्कियो आकासे पुल निर्माण योजना

नगरपालिकाले लामो समयदेखि पुलको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) गरिरहेको जनाएको छ । तर, अहिलेसम्म पनि उक्त कामको अन्तिम टुंगो लागेको छैन

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ६ चैत ।

सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाले प्रत्येक वर्ष नीति तथा कार्यक्रममा समेट्ने एउटै कार्यक्रम छ- 'मंगलगढी चोकमा आकासे पुल ।' प्रत्येक वर्षको नीति तथा कार्यक्रममा समेटिन्छ तर आकासे पुल निर्माणको प्रक्रियासमेत सुरु हुँदैन ।

नगरपालिकाले बजेटमा एक पटक मात्र होइन, हरेक वर्ष समावेश हुन्छ । गत वर्षको ११ असारमा वीरेन्द्रनगर नगरपालिकाले नीति तथा कार्यक्रम सार्वजनिक गर्दा वीरेन्द्रनगरमा बढी सवारी चाप भएका स्थानहरू मंगलगढी र एरीचोकमा सम्भाव्यता अध्ययन गरी आकासे पुल निर्माण गर्ने घोषणा गरेको थियो ।

यस्तै, चालू आर्थिक वर्षमा पनि वीरेन्द्रनगर नगरपालिकाले नीति तथा कार्यक्रममा मंगलगढी चोकमा आकासे पुल बनाउने योजना उल्लेख गरेको छ । आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमको २० नम्बरमा लेखिएको छ, 'वीरेन्द्रनगरको मुख्य बजार ट्राफिक व्यवस्थापनका लागि मंगलगढी चोकमा आकासे पुलको निर्माण कार्य अगाडि बढाइने छ ।'

तर, उक्त कार्य कागजमै सीमित छ । नगरपालिकाको गौरवको आयोजनाको रूपमा रहेको उक्त योजना नगरपालिकाको दराजमा थन्किएर बसेको छ ।

नगरपालिकाले बजेटमा समेट्ने चासो दिए पनि निर्माणमा भने चासो नदेखाएको स्थानीयको आरोप छ । यस्तै, कतिपय स्थानीयले प्रदेशको राजधानी वीरेन्द्रनगरमा सडकको अवस्था नाजुक रहेको बताएका छन् भने यहाँ आकासे पुल निर्माणको कल्पनै पनि नगरेको बताए ।

नगरपालिकाले हचुवाका भरमा अध्ययनै नगरी नीति तथा कार्यक्रम बनाउने हुँदा आकासे पुलको परिकल्पना गरेको उनीहरूको भनाइ छ ।

भेरीगंगा- ३ घर भई हाल वीरेन्द्रनगरमा बस्दै आएका केशर वलीले यहाँ आकासे पुल आवश्यक नभएको बताए । 'सुर्खेतमा जेब्रा क्रसिङमा हिँड्नेजति पनि मान्छे छैनन् भने यहाँ आकासे पुलको के आवश्यकता छ र ?', उनले भने, 'सुर्खेतले काठमाडौंको अनुकरण गरेर हुन्छ र ? कि त यहाँ ट्राफिकले मानिसहरू कन्ट्रोल गर्न नसकेको भए आकासे पुलको निर्माण गर्ने हुन्थ्यो । सडकको अवस्था त भन्नै पृष्ठ २ मा

## प्रत्येक वर्ष डीपीआरकै बहाना

नगरपालिकाले लामो समयदेखि पुलको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) गरिरहेको जनाएको छ । तर, अहिलेसम्म पनि उक्त कामको अन्तिम टुंगो लागेको छैन । वीरेन्द्रनगर नगरपालिकाकी प्रमुख मोहनमाया ढकालले गत वर्षमै सम्भाव्यता अध्ययनको काम अन्तिम चरणमा पुगेको बताएकी थिइन् । तर, हालसम्म पनि डीपीआरको काम सकिएको छैन । उनले गत वर्ष जस्तै यस वर्ष पनि सोही जवाफ दिएकी छन् ।

नगर प्रमुख ढकालले अहिले डीपीआरको काम अन्तिम चरणमा पुगेको र चैतको दोस्रो हप्तासम्म टेन्डर आह्वान हुनेगरी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# विधेयक पारित नहुने त्रासमा व्यवसायी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ चैत ।

संसद्को चालू अधिवेशनको अवधि समाप्तितिर जान थाल्दा वार्षिक सय जना कामदार पठाउन नसकेका वैदेशिक रोजगार व्यवसायीमा बेचैनी बढेको छ । गत १८ माघमा प्रारम्भ भएको संघीय संसद्को हिउँदे अधिवेशन बढीमा चैतको तेस्रो हप्तासम्म चल्ने छ । सरकारले पेस गरेका अध्यादेश प्रतिस्थापन विधेयक पारित भएको अवस्थामा सरकार चैत दोस्रो हप्ता नै चालू अधिवेशन अन्त्य गर्ने योजनामा रहेको स्रोतको भनाइ छ ।

संसद्मा वैदेशिक रोजगार व्यवसायीको इजाजत नवीकरणका लागि बाध्यात्मक संख्या सय खारेजीको प्रावधान रहेको केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक विचाराधीन छ । तर, अबका १-२ हप्तामा नै संसद्को चालू अधिवेशन अन्त्य गरिएको अवस्थामा उक्त विधेयक पारित हुन समस्या छ । चालू अधिवेशनले पारित नगरे कम्तीमा बर्षे अधिवेशन नभए पुनः हिउँदे अधिवेशनसम्म उक्त विधेयक धकेलिने खतरा छ ।

२६ वैशाख २०८० मा दर्ता भई सोही वर्ष ३० असारमा प्रतिनिधिसभामा प्रस्तुत भएको केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकका केही बुँदामा सहमति जुटेको छैन । उक्त विधेयकका दफा ९ र ७२ मा बुधबार कानुन, न्याय तथा मानवअधिकार समितिमा छलफल भएको छ ।

उक्त संशोधन विधेयकमा संख्या सय खारेजीको राम्रा पक्षसँगै गलत विवरणका आधारमा वैदेशिक रोजगारीमा कामदार पठाए संख्याका आधारमा १ जनाको १ लाख रुपैयाँका दरले जरिमाना गर्ने प्रावधान पनि छ ।

## संख्या १०० प्रकरण

विधेयकमा गरिएको व्यवस्था अन्यायपूर्ण रहेको भन्दै व्यवसायीहरूले म्यानपावर कम्पनीहरूलाई पेसा व्यवसायबाट बञ्चित गराउने उक्त प्रावधान संशोधनका लागि दबाब दिएका छन् ।

उक्त विधेयकलाई संसद्को चालू अधिवेशनबाटै पास गराउने सन्दर्भमा पछिल्ला दिनमा व्यवसायीहरूबाट ठोस र सघन पहल नभएको कतिपय व्यवसायीको गुनासो छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी २ फागुनका लागि तोकिएको निर्वाचनसहितको साधारणसभा स्थगित गर्ने समयमा संख्या सय समस्याको समाधान गर्न वर्तमान कार्यसमिति अनुभवी र प्रभावकारी रहेको भन्दै वर्तमान कार्यसमितिलाई निरन्तरता दिनुपर्ने आवाज पूर्वअध्यक्षलगायतका व्यवसायीबाट उठाइएको थियो ।

हाल ८०० भन्दा बढी म्यानपावर कम्पनी कार्यरत छन् । उनीहरूमध्ये ४०० बढी मलेसिया कामदार पठाउने कम्पनी छन् । तर, मलेसियाले गत मे महिनादेखि नयाँ कामदारको एप्रुभल रोकेकाले धेरैलाई वार्षिक कामदार पठाउन समस्या छ । चालू आर्थिक वर्ष नसकिँदै संख्या सय खारेज गर्ने वैदेशिक रोजगार ऐनको प्रावधान पारित गराउन सके ठूलो उपलब्धि हुने धेरै व्यवसायीको भनाइ छ । तर, संसद्को हिउँदे अधिवेशन अन्त्य गर्ने तयारी हुँदा विधेयक पास नहुने खतराले पुनः मन्त्रिपरिषद् र मन्त्रीको मुख ताक्ने अवस्था आउन सक्ने कतिपयको टिप्पणी छ ।

# आजदेखि एसईई

## ५ लाख १४ हजार ७१ जना सहभागी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ चैत ।

माध्यमिक शिक्षा परीक्षा (एसईई) आज बिहीबारदेखि सुरु हुँदै छ । राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले परीक्षाको सबै तयारी पूरा भएको भन्दै ढुक्क भएर परीक्षा दिन आग्रह गरेको छ ।

परीक्षा बिहान ८ बजेदेखि सुरु हुने छ । बिहीबार अनिवार्य अंग्रेजी विषयको परीक्षा हुने छ । परीक्षा आउँदो १९ गतेसम्म चल्ने छ ।

यस वर्षको परीक्षामा ५ लाख १४ हजार ७१ जना सहभागी हुँदै छन् । परीक्षा नियन्त्रण कार्यालयले यस वर्षको एसईई परीक्षाका लागि देशभर २ हजार ७९ परीक्षा केन्द्र निर्धारण गरेको छ ।

यस वर्ष जापानको परीक्षा केन्द्रबाट २९ जना विद्यार्थीले एसईई दिँदै छन् । यस्तै, केन्द्रीय कारागार सुन्धारा र एउटा दैलेख कारागारमा पनि परीक्षा केन्द्र तोकिएका छन् । यस वर्ष सबैभन्दा धेरै विद्यार्थी काठमाडौंमा ३९ हजार ६०० जना र सबैभन्दा कम परीक्षार्थी मनाङमा ४३ जना छन् ।

सरकारले एसईईका लागि २७ करोड ७० लाख रुपैयाँ बजेट छुट्याएको छ ।

यसैबीच एसईईको नतिजा आउँदो ७ असारभित्र निकाल्ने बोर्डले जनाएको छ । परीक्षा संचालन भएको ९० दिनभित्र नतिजा प्रकाशन गर्नेगरी तयारी बोर्डको छ ।

बोर्डले गएको वर्षदेखि न्यूनतम ३५ प्रतिशतभन्दा कम प्राप्तांक ल्याउने विद्यार्थीहरू अनुत्तीर्ण हुने व्यवस्था लागू गरेको छ ।

कक्षा १० का परीक्षा नियन्त्रक नन्दलाल पौडेलले नतिजा कहिले आँउछ भनेर विद्यार्थीलाई अन्योल नहोस् भनेर यस वर्ष नतिजा निकाल्ने मिति तोकिएको बताए ।

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनसहितको साधारण सभासम्बन्धी सूचना**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०८१ फागुन २० गते बसेको कार्यसमितिको बैठकले संघको ३०औं र ३१औं वार्षिक साधारण सभा मिति २०८१ चैत्र २९ गते बोलाउने र यस सभाबाट आगामी कार्यकालका लागि कार्यसमितिको निर्वाचन गर्ने निर्णय गरी कार्य समितिको निर्वाचन गर्न निर्वाचन समिति गठन गरेको व्यहोरा संघका सम्पूर्ण सदस्य व्यवसायीज्यूहरूलाई यसै सूचना मार्फत जानकारी गराउँदै साधारण सभामा उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**साधारण सभामा निर्णयार्थ पेश गरिने विषयहरु (एजेण्डाहरू) :**

१. कार्यसमितिको तर्फबाट प्रस्तुत गर्ने प्रगति विवरण र संघद्वारा भएका कार्यहरु उल्लेख गरिएको प्रतिवेदन पारित गर्ने ।
२. आ.व. २०७९/०८० र २०८०/०८१ को आयव्ययको विवरणसहितको वासलातउपर छलफल गरी पारित गर्ने ।
३. आ.व. २०८१/०८२ को आयव्ययको लेखा परीक्षक नियुक्त गरी निजलाई दिने पारिश्रमिक तोक्ने ।
४. आगामी कार्यकालका लागि संघ कार्यसमितिको निर्वाचन गर्ने ।
५. विविध (विधान संसोधन) विषयअन्तर्गत विधानको दफा १७, दफा १९(४) (१), दफा २० को उपदफा ४ लगायत अन्य दफा, उपदफा संसोधन गर्ने ।

**समय** : बिहानको ९:०० बजे
**स्थान** : अनुपम फुडल्याण्ड, बत्तीसपुतली

**साधारण सभासम्बन्धी थप जानकारी :**
कम्पनी संचालक समितिबाट निर्णय गराइ साधारण सभामा भाग लिनका लागि एक कम्पनीले १ जना प्रतिनिधि पठाउनुपर्ने भएकाले संघमा बाँकी रहेको **मासिक शुल्क (लेबी) भुक्तान गरी संघमा कम्पनीको लेटरहेडमा लिखित निवेदन, शेयर लागतको प्रतिलिपि, नागरिकता वा राहदानीको प्रतिलिपि र पासपोर्ट साइजको २ प्रति फोटो मिति २०८१ चैत १५ गते अन्तिम समयसिमा रहेको हुँदा कार्यालय समय**भित्र प्रतिनिधि पठाइ जानकारी गराउनुहुन हार्दिक अनुरोध छ ।

**नोट**: *निवार्चन समितिको कार्यालय संघमा नै राखिएको जानकारी गराइन्छ ।*

**मेघनाथ भुर्तेल**
महासचिव

एवम्

**डिकबहादुर खत्री**
का.वा अध्यक्ष

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
सिफल-७, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

७ चैत २०८१ बिहीबार
20 March 2025, Thursday

# यहि संविधानबाट बहुमत आउँदैन : देउवा

**काठमाडौं/मस** – नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले संविधानअनुसार कुनैपनि पार्टीको बहुमत आउन धेरै गाह्रो रहेको बताएका छन् । पार्टी केन्द्रीय कार्यालय सानेपामा बुधबार आयोजित कार्यक्रममा सभापति देउवाले संविधानअनुसार कुनैपनि पार्टीको बहुमत आउन गाह्रो भएकाले अर्को पार्टीसँग मिल्नुपर्ने अवस्था रहेको बताए । यसमा पार्टीको दोष नभई संविधान नै त्यस किसिमको रहेको उनको टिप्पणी छ । यसलाई बुझेर कांग्रेसले बहुमत ल्याउने प्रयास गर्न जरुरी रहेको देउवाले भने ।

'संविधानको यही व्यवस्थाको कारण धेरै मिहिनेत गर्दा पनि कांग्रेसले बहुमत ल्याउन नसकेकै हो', उनले भने, देउवाले बहुमतका



लागिकुनै न कुनै पार्टीसँग मिल्नु पर्ने जरुरी छ ।' उनले अहिलेको संविधान धेरै राम्रो रहेको भन्दै समावेशी, समानुपातिकताका आधारमा बनेको संविधान भएकाले यसलाई बचाइराख्नुपर्नेमा जोड दिए ।

सभापति देउवाले भने, 'अहिलेको संविधान अत्यन्तै राम्रो संविधान छ। यसमा समावेशी, समानुपातिकताका आधारमा बनेको संविधान छ, यस संविधानअनुसार कुनैपनि पार्टीको बहुमत आउन धेरै गाह्रो छ, त्यसकारण कुनैपनि पार्टीसँग मिल्नुपर्ने आवश्यकता छ, त्यसैले हाम्रो पार्टीले मेहनतका बाबजुत सबैभन्दा ठूलो पार्टी बन्न सफल भएको छ, तर बहुमत ल्याउन सकेको छैन, पार्टीको दोष भन्दा पनि संविधान नै यस्तो किसिमको छ, धेरै कारण छन्, यसलाई बुझेर बहुमत ल्याउने प्रयत्न गर्नुपर्छ ।'

## भारतलाई...

मन्त्री खड्काले साँझको समय सर्वसाधारणको घरमा पनि लोडसेडिङ हुने अवस्था आएको बताए । २०७३ कात्तिकदेखि राजधानी उपत्यकासहित देशैभर लोडसेडिङ हटेको थियो । २७ साउन २०७३ सम्म सर्वसाधारण उपभोक्ताका लागि ६ घण्टा र उद्योगका लागि ७ घण्टासम्म लोडसेडिङ हुन्थ्यो । त्यसअघि १८ घण्टासम्म विद्युत् कटौती हुन्थ्यो । नेपालमा २०५९ सालदेखि लोडसेडिङ सुरु भएको हो । विद्युत् कटौतीको चरम अभाव भोगेका उपभोक्ताले मन्त्री खड्काको पछिल्लो भनाइबाट देश फेरि लोडसेडिङको युगमा प्रवेश गर्ने हो कि भन्ने त्रासमा जनता पुगेका छन् ।

खोला र नदीमा पानीको बहाव बढेसँगै रन अफ रिभर आयोजनाको उत्पादन बढेको, संरचनागत सुधार र अपुग विद्युत् भारतबाट आयात भएकाले २०७३ सालमा लोडसेडिङ अन्त्य भएको थियो । तर, मन्त्री खड्काले घरायसी प्रयोजनमा पनि लोडसेडिङ हुने भनेपछि सर्वत्र चिन्ता र चासो बढेको छ ।

### विरोधाभासपूर्ण भनाइ

भारतबाट विद्युत् आयात गरेर कृत्रिम रूपमा लोडसेडिङ अन्त्य गरिए पनि अब भने थेग्न सक्ने अवस्था नरहेको मन्त्री खड्काको भनाइ छ ।

तर, मन्त्री खड्काको भनाइविपरीत नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ भने लोडसेडिङ अहिले पनि नभएको र अब पनि नहुने बताउँछन् ।

घिसिङले राति पूरै पावर प्लान्टहरू चल्ने र दिउँसो भारतबाट बिजुली आयात भइरहेकाले लोडसेडिङ नहुने उल्लेख गरे । 'लोडसेडिङ भएको छैन, हुँदा पनि हुँदैन । हाम्रा सबै पावर प्लान्टहरू राति चल्छन्', उनले भने, 'भारतबाट दिउँसो बिजुली आयात गर्न दिएकै छ, दिउँसो आउँछ । त्यस कारण लोडसेडिङ हुँदैन ।'

तर, खड्काले सरकारी लगानीबाट संचालित प्राधिकरणले अहिले पनि जम्मा ७०० मेगावाट विद्युत् मात्र उत्पादन गरिरहेको उल्लेख गर्दै भने, 'अहिले पनि ८२५ मेगावाट विद्युत् आयात गरेर नेपालको आपूर्ति धानिरहेको छ ।'

सरकारको सत प्रतिशत लगानी रहेको विद्युत् प्राधिकरणले ७०० मेगावाट मात्र उत्पादन गरेको र २ हजार ८०० मेगावाट विद्युत् निजी क्षेत्रले उत्पादन गरेको राष्ट्रियसभा बैठकमा उनले तथ्यांक प्रस्तुत गरे । 'आज पनि विद्युत् आपूर्ति हुन सकेको छैन । हिजो पनि लोडसेडिङ थियो, आज पनि छ', उनले भने, 'हिजो पनि उद्योगधन्दातिर बत्ती कटौती गरेर घरतिर दिने काम गरिएको थियो, आज पनि त्यही अवस्था छ ।'

### भारतलाई 'क्रेडिट'

त्यसअघि २२ फागुनमा प्रतिनिधिसभा बैठकमा पनि मन्त्री खड्काले कुलमान घिसिङ व्यक्तिका कारण नभई भारतले विद्युत् दिएका कारण नेपालबाट लोडसेडिङ अन्त्य भएको बताएका थिए । तत्कालीन समयमा नेपालको लोडसेडिङ अन्त्य गर्न बिजुली दिएकामा भारतलाई धन्यवाद दिनुपर्ने उनको भनाइ थियो ।

केपी शर्मा ओली प्रधानमन्त्री रहेको समयमा २०७३ सालमा मन्त्रिपरिषद्बाट निर्णय गराएरै भारतसँग विद्युत् खरिद गरिएको भन्दै उनले लोडसेडिङको अन्त्य १ जनाले नगरेको दाबी गरे ।

बुधबार पनि उनले निजी क्षेत्र र भारतबाट आयात गरेको विद्युत्ले गर्दा लोडसेडिङ हटेको र उज्यालोको नायक भनिएका कुलमानलाई नभई भारतलाई धन्यवाद दिनुपर्ने बताए ।

कुलमानले उद्योगको लाइन काटेर घरमा बिजुली दिएर लोडसेडिङ अन्त्य भएको हल्ला फैलाएको आरोप पनि मन्त्री खड्काको छ । नेपाल विद्युत् प्राधिकरण नाफामा गएको भनेर झुक्याइएको दाबी पनि मन्त्री खड्काको छ ।

### उद्योगमा अघोषित कटौती

२ चैतदेखि औद्योगिक क्षेत्रमा अघोषित रूपमा विद्युत् कटौती भएको छ । उद्योगहरूले पर्याप्त विद्युत् पाउन नपाउँदा प्राधिकरणले लोडसेडिङ नभएको दाबी गरिरहेको छ ।

तर, अहिले भारतबाट बिहान ६ देखि बेलुका ६ बजेसम्म मात्र बिजुली आयात भइरहेको छ, जसका कारण औद्योगिक क्षेत्रमा दैनिक कम्तीमा १२ घण्टा लोडसेडिङ सुरु भएको गुनासो उद्योगीहरूले गरेका छन् ।

भारतको केन्द्रीय विद्युत् प्राधिकरणले १५ मार्चदेखि 'सन आवर' अर्थात् बिहान ६ देखि साँझ ६ बजेसम्म मात्र बिजुली दिनेगरी अनुमति दिएको छ ।

अनुमतिअनुसार भारतबाट बिहान ६ देखि बेलुका ६ बजेसम्म मात्र बिजुली आयात भइरहेको छ । त्यसअघि पिक आवरको ४ घण्टाबाहेक दैनिक २० घण्टासम्म विद्युत् आयात भइरहेको थियो । प्राधिकरणका अनुसार भारतबाट २० घण्टा बिजुली आयात गर्न नपाए पनि घरायसी प्रयोजनमा लोडसेडिङ हुने छैन ।

भारतबाट २० घण्टासम्म विद्युत् आयात हुँदा पनि उद्योगहरूमा ८ घण्टासम्म अघोषित लोडसेडिङ रहेको व्यवसायीहरूको गुनासो छ । विद्युत् कटौतीका कारण बढी विद्युत् खपत गर्ने स्टील, सिमेन्ट जस्ता उद्योगमा ठूलो प्रभाव परेको छ ।

प्राधिकरणले भारतबाट १२ घण्टा मात्र विद्युत् आयात भएपछि देशभर लोडसेडिङ हुन नदिन जलाशययुक्त आयोजनाको विद्युत् प्रयोगमा ल्याएको छ । भारतबाट बिजुली आयात हुँदा प्रयोग नगरिएका यी जलाशय आयोजनाहरू प्रयोगमा ल्याएर लोड व्यवस्थापन गरिएको प्राधिकरणले जनाएको छ ।

ऊर्जा मन्त्रालयले प्राधिकरणको अव्यवस्थापन र कमजोर रणनीतिका कारण अहिले देशभरका उद्योग दैनिक १२ घण्टासम्म लोडसेडिङको मारमा परेका आरोप लगाएको छ ।

## कसरी...

उच्च बिन्दुमा पुगेको थियो तर तत्कालीन सरकारले ऊर्जा संकट न्यूनीकरणका लागि कडा नीति अपनाएपछि यो समय क्रमशः घट्दै गएको थियो ।

सरकारले राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत् विकास दशक अवधारणापत्र (२०७२) ल्याएर ऊर्जा संकट समाधानका लागि मार्गचित्र बनाएको थियो । भारतबाट थप बिजुली आयात, जलविद्युत् आयोजनाहरूको प्रवर्द्धन, प्रसारण लाइन विस्तार, बिजुली चोरी रोकथाम जस्ता नीतिहरूले गर्दा २०७३ सालको सुरुवातसम्म आइपुग्दा लोडसेडिङ घट्दै गएको तथ्यांकले देखाउँछ ।

नेपालको ऊर्जा क्षेत्रमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्झौताहरू लोडसेडिङ अन्त्यका निर्णायक कारण रहेका ऊजाविद्हरू बताउँछन् ।

नेपाल-भारत ऊर्जा व्यापार सम्झौताले भारतबाट बिजुली आयातको ढोका खोलेको उनीहरूको भनाइ छ । २०७५ सालमा नेपाल र बंगलादेशबीच ऊर्जा क्षेत्रमा सहकार्यसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ भने २०७७ सालमा सरकारले भारत र बंगलादेशसँग विद्युत् आयात-निर्यात गर्न पूर्वस्वीकृति प्रदान गऱ्यो ।

२०७८ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच 'इन्डिया-नेपाल जोइन्ट भिजन स्टेटमेन्ट अन पावर सेक्टर कोअपरेसन' सम्झौता सम्पन्न भयो ।

२०७९ सालमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणका क्रममा १० हजार मेगावाट विद्युत् भारत निर्यात गर्ने दीर्घकालीन सम्झौता भयो । यसै सम्झौताका आधारमा २०८० सालमा नेपाल र भारतबीच १० हजार मेगावाट विद्युत् निर्यात गर्ने सम्झौतामा हस्ताक्षर भएको छ ।

## उजुरी...

भगाएकोमा बाहेक अन्य कसुरमा त्यस्ता व्यक्तिलाई पक्राउपूर्व उपस्थितिको सूचना दिनुपर्ने छ । तर, त्यसरी सूचना दिँदासमेत उपस्थित नभएको अवस्थामा पक्राउ गर्न बाधा पर्न सक्ने छैन', सरकारलाई दिइएको सुझावमा उल्लेख छ ।

अर्थात्, आरोपित व्यक्तिलाई लुकाएको वा भगाएकोमा बाहेक अन्य कसुरमा पक्राउपूर्व उपस्थितिको सूचना दिनुपर्ने शर्त राख्न भनिएको हो । त्यसरी सूचना दिँदासमेत उपस्थित नभएको खण्डमा मात्र पक्राउ गर्न सकिने प्रावधान राख्न सुझाइएको हो ।

यसको कारणबारे प्रतिवेदनमा जाहेरी दर्खास्त दर्ता हुनेबित्तिकै पक्राउ पुर्जी जारी गर्ने परिपाटीले गलत आरोप लगाइएको अवस्थामा त्यस्तो व्यक्ति मारमा पर्ने सुझाइएको छ । गलत आरोपका आधारमा पक्राउ पर्दा अनावश्यक रूपमा गैरकानुनी थुनामा बस्नुपर्ने अवस्था हुने भएकाले यस्तो हुन नदिन उजुरीलगत्तै पक्राउ नगर्न सिफारिस गरिएको हो ।

अन्यथा, सामान्य आरोपमा समेत पक्राउ गर्ने प्रवृत्तिले फौजदारी न्याय प्रणालीमा स्वच्छता, पारदर्शितामा असर पर्ने भन्दै सरकारको ध्यानाकर्षण गरिएको हो ।

कार्यदलको सुझाव भनिएको छ, 'गम्भीर कसुरबाहेक अन्य कसुरको अनुसन्धानको सम्बन्धमा प्रथमतः प्रहरीबाट उपस्थितिको सूचना दिइनुपर्ने भन्ने व्यवस्था राखिनुपर्ने देखिन्छ ।'

नेपालको फौजदारी कार्यविधि सम्बन्धमा पक्राउ पुर्जीलाई अनिवार्य नगरिएको भए तापनि स्पष्ट रूपमा जाहेरी सूचनाको सम्बन्धमा आरोपितलाई बोलाएर प्रारम्भिक बुझ्ने व्यवस्था नरहेको भनिएको छ । पक्राउ परेपछि म्याद थपको सम्बन्धमा अदालतले थुनाको औचित्य जाँच गर्ने परिपाटी बढी यान्त्रिक जस्तो रहेको पनि उल्लेख छ ।

यसले पक्राउ पुर्जी जारी भएकै कारण कसुर नगरेको भए तापनि अनाहकमा व्यक्ति थुनामा जानुपर्ने अवस्था रहेकाले सच्याउनुपर्ने सुझाव दिइएको हो । अन्यथा, व्यक्तिको सम्मान तथा प्रतिष्ठामा चोट पुग्ने प्रवृत्तिले निरन्तरता पाइरहने भएकाले सुझाउन भनिएको हो ।

अध्ययनमा छिमेकी मुलुक भारतको उदाहरण दिइएको छ । भारतमा पनि नेपालमा जस्तै सुरुमै पक्राउ पुर्जी जारी गर्ने व्यवस्था रहेको स्मरण गर्दै यसमा सुधार भएको भनिएको छ । भारतमा सर्वोच्च अदालतले नै उजुरी परेपछि सूचना दिनुपर्ने, प्रारम्भिक सोधखोज गर्नुपर्ने र भागेको वा लुकेको अवस्थामा मात्र पक्राउ गर्न सकिने प्रावधान राख्न भनेको थियो । यस आधारमा सामान्य खालका फौजदारी आरोपमा पक्राउ पुर्जी जारी गर्नु अगाडि प्रारम्भिक सोधखोज गर्ने गरिएको अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

## दराजमै ...

नसकिने छ भने त्यस्तो ठाउँमा आकासे पुलको के काम ?'

उनले बरु जेब्रा क्रसका रेखा मेटिएका र ती रेखाहरू नयाँ बनाउन सुझाव दिए ।

यस्तै, जाजरकोट घर भई हाल सुर्खेत बस्दै आएका इन्जिनियर सुरेन्द्र खत्रीले मंगलगढी चोकमा आकासे पुलको आवश्यक भएको बताए । 'प्राविधिक हिसाबले मंगलगढी चोकमा जेब्रा क्रस बनाउने ठाउँ उपयुक्त छैन', उनले मध्यान्हसँग भने, 'राजधानी जस्तो ठाउँमा नागरिक र सवारी साधनको संख्या प्रतिदिन बढिरहेको छ । दुर्घटना हुनेको संख्या पनि उत्तिकै छ । त्यसैले, यहाँ सकेसम्म नगरपालिका वा प्रदेश सरकारले आकासे पुल बनाउनुपर्छ ।'

उनले बरु नगरपालिका/प्रदेश सरकारले जति सक्यो छिटो काम सुरु गर्नुपर्ने उनको भनाइ छ ।

स्थानीयले पुलको आवश्यकता बताउँदै आए पनि यसतर्फ न नगरपालिकाले चासो दियो, न त प्रदेश सरकारले नै । सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मण कँडेलले कर्णाली प्रदेशको राजधानीमा दैनिक सवारी साधनको अत्यधिक चाप बढ्दै गएकाले यहाँ आकासे पुल निर्माणको आवश्यकता भएको बताए । उनले दुर्घटना न्यूनीकरण, ट्राफिक व्यवस्थापनसँगै पैदल यात्रुको सहजताका लागि आकासे पुल अतिआवश्यक भएको उल्लेख गरे ।

'यहाँ दिनानुदिन सवारी तथा मानिसको आगमन बढ्दै गएको छ । त्यसैले, यहाँ आकासे पुल मात्र होइन, ट्राफिक बत्तीको समेत व्यवस्था हुन जरुरी छ', उनले मध्यान्ह दैनिकसँग भने । अध्यक्ष कँडेलले नगरपालिका र प्रदेश सरकारले तदारुकता देखाएर पुल निर्माण गर्नुपर्ने बताए ।

यस्तै, जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतका प्रहरी निरीक्षक वकिल सुनारले नगरपालिकाले उठाएको कार्यक्रम उपयुक्त भएको बताए । उनले सवारी साधनको दैनिक चाप बढ्दै गरेकाले मंगलगढी चोकमा आकासे पुल अतिआवश्यक भएको दाबी गरे । त्यति मात्र होइन, उनले एरीचोकमा समेत पुल आवश्यक भएको जिकिर गरे ।

'त्यहाँ मात्र होइन, एरीचोकमा समेत पुल आवश्यक छ । यदि पुल निर्माण भयो भने दुर्घटना धेरै न्यूनीकरण हुन सक्छ', उनले भने, 'यो त नगरपालिकाको सौदर्यको समेत विषय हो । पुल बनेपछि यहाँका स्थानीयहरूलाई सजिलो हुने हो बरु जति सक्यो छिटो निर्माण गरेको भए हुने हो ।'

## प्रत्येक...

काम भइरहेको बताइन् ।

'हामी अहिले डीपीआरको अन्तिम चरणमा छौं', उनले मध्यान्हसँग भनिन्, 'अबको चैत दोस्रो हप्तासम्म टेन्डर खुलाउँछौं ।' नगर प्रमुख ढकालका अनुसार गत वर्ष हिउँदे अधिवेशनबाट आकासे पुलको सम्भाव्यताका लागि करिब ५ लाख बजेट विनियोजन भएको थियो ।

तर, परियोजना पूरा नभएकाले उक्त बजेट खर्च हुन सकेको थिएन । यस वर्ष पनि नगरपालिकाले पुल निर्माणका लागि करिब १ करोड रकम छुट्याएको छ । उक्त रकम डीपीआरको काम सम्पन्न भएपछि मात्र खर्च हुने उनको दाबी छ ।

अहिलेसम्म सो बजेट १ प्रतिशत पनि खर्च नभएको नगरपालिकाका इन्जिनियर हरि केसीले बताए । 'करिब १ करोड बजेट छ, अहिले डीपीआरको काम चलेको छ, डीपीआर भएपछि मात्र सो रकम खर्च हुन्छ', उनले भने, 'गत वर्ष कामै भएन, कामै नभएपछि बजेट खर्च हुने कुरै भएन, अब यस वर्ष सायद केही काम अगाडि बढ्न सक्छ अनि रकम खर्च होला ।'

# संविधानअनुसार जिम्मेवारी पूरा गर्न कटिबद्ध छौं : सेना

**काठमाडौं/मस** – विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत संगठनलाई जोडेर विभिन्न प्रकारका टीकाटिप्पणी हुन थालेसँगै नेपाली सेनाले आफ्नो धारणा सार्वजनिक गरेको छ । बुधबार एक सार्वजनिक अनुरोधपत्र मार्फत् सेनाले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको लागि संविधान प्रदत्त जिम्मेवारीहरू पूरा गर्न सदैव कटिबद्ध रहेको स्पष्ट पारेको छ ।

सेनाले आफ्नो धारणा र गतिविधिहरू नियमित रूपमा पत्रकार सम्मेलन, प्रेस विज्ञप्ति, प्रेस नोट, आधिकारिक सामाजिक सञ्जाल र सैनिक कार्यक्रमहरूमार्फत् सार्वजनिक गर्दै आएको पनि स्पष्ट पारेको छ । अनुरोधपत्रमा



सेना सम्बन्धी जानकारी लिनका लागि जनसम्पर्क तथा सूचना निर्देशनालयसँग सम्पर्क गरी यथार्थपरक सूचनाहरू सम्प्रेषण गर्न पनि सम्बद्ध सबैमा आग्रह गरिएको छ ।

विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमा सेना गणतन्त्रप्रति प्रतिबद्ध नभएको आशयसहित भ्रामक सूचना सम्प्रेषण भएसँगै सेनाले आफ्नो धारणा व्यक्त गरेको हो ।

# मकवानपुरमा अनेरास्ववियुको प्रभावकारी उपस्थिति

**सन्तोष भट्टराई/मध्यान्ह**
मकवानपुर, ६ चैत ।

अनेरास्ववियु मकवानपुरले जिल्ला अध्यक्ष अमृत बर्तौलाको नेतृत्वमा स्ववियु निर्वाचनमा प्रभावशाली नतिजा निकाल्दै विद्यार्थी राजनीतिमा आफ्नो मजबुत उपस्थिति देखाएको छ । जिल्लाका प्रमुख क्याम्पसहरूमा भएको निर्वाचनमा अखिलले विभिन्न पदमा विजय हासिल गरेको हो ।



मकवानपुर बहुमुखी क्याम्पसमा भने अनेरास्ववियुका प्रसिद्ध रेग्मीले ७०६ मतसहित अध्यक्ष पदमा जित हात पारेका छन् । उनका प्रतिस्पर्धी अखिल क्रान्तिकारीका छोइसाङ लामाले ५०७ मत प्राप्त गरेका छन् । लामा अघिल्लो कार्यकालमा स्ववियु अध्यक्ष थिए भने रेग्मी त्यसै कार्यसमितिका सदस्य थिए । हेटौंडा क्याम्पसमा अनेरास्ववियुका अभी मैनालीले २५१ मतसहित प्यानल जित हासिल गरे । बंश गोपाल बहुमुखी क्याम्पसमा दिवस सिलवाल निर्विरोध निर्वाचित भएका छन् ।

निर्मल बहुमुखी क्याम्पसमा प्रशान्त भण्डारी ५३ मतसहित प्यानल विजयी भएका छन् । विद्यार्थीका हक, हित र अधिकारप्रति प्रतिबद्धता अध्यक्ष बर्तौलाले यस जितलाई विद्यार्थी आन्दोलनको सफलता भन्दै अब संगठन अझ सशक्त भएर अघि बढ्ने बताएका छन् । उनले भने, 'विद्यार्थीहरूको अधिकार रक्षा, गुणस्तरीय शिक्षा, उचित शुल्क संरचना, छात्रवृत्ति कार्यक्रम, पूर्वाधार विकास, विद्यार्थी रोजगारी र सीपमूलक शिक्षाको सुनिश्चितताका लागि हाम्रो संगठन निरन्तर संघर्ष गर्नेछ ।' बर्तौलाले निजी शिक्षालयहरूले विद्यार्थी शोषण गर्ने प्रवृत्तिको विरोध गर्दै सरकारी क्याम्पसहरूमा सुविधाको विस्तार आवश्यक रहेको बताए ।

उनकाअनुसार उच्च शिक्षामा पहुँच सुनिश्चित गर्न सरकारले प्रभावकारी नीति ल्याउनुपर्नेछ । स्ववियु नेताहरूले सिट क्षमताअनुसार भर्ना नीति, पुस्तकालय तथा प्रयोगशालाको विस्तार, कलेज यातायात सेवा सुधार, खेलकुद र अतिरिक्त क्रियाकलाप प्रवर्द्धनजस्ता विषयलाई मुख्य एजेन्डाका रूपमा अघि बढाउने बताएका छन् ।


## साउदी दुबई र साइप्रसमा रोजगार

कम्पनी: Hadi Suwaya Al Jabri transport Company is a one person company शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/०२/०३ चलानी नं.: ६०२१९६४३ L.T. No.: 304897 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCK DRIVER | 10 | 0 | स. काममा दक्ष | 1800 | ६६,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १४ देखि १७ गते सम्म (27 to 30 March 2025) मा हुनेछ ।

२. कम्पनी: Diamond Touch for Decoration and Polishing शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८१/१२/०६ चलानी नं.: ६०२३४७९६ LT. No.: 320652

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | VECHILE PAINT WORKER | 2 | 0 | स. काममा दक्ष | 1500 | ५६,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

३. कम्पनी: C. & C. Private Employment AGency-Lic. No.310 शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०८१/१२/०६ चलानी नं.: ६०२३४८१५ LT. No.: 320654

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EUR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chamber Maids | 0 | 5 | सम्बन्धित काममा दक्ष | 1051 | १५८,३०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Cook | 5 | 0 | | 1300 | १९५,८०६ | | | | | | |
| 3. | kitchen helper | 5 | 0 | | 900 | १३५,५५८ | | | | | | |
| 4. | waiter | 5 | 0 | | 1235 | १८६,०१५ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १४ गते सम्म (27 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
मोबाईल : ९८०१०३०५५५ फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np
श्रम इजाजत नं. ५७३/०६२/०६३

## ओमनमा रोजगार

कम्पनी: Banat Ali For Investment LLC शहर: Oman
पूर्व स्वीकृत मिति: २०८१/१२/०६ चलानी नं.: ६०२३४८१८ LT. No.: 320726

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairstylist | 0 | 1 | सम्बन्धित काममा दक्ष | 170 | ६१,०३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | MANICURIST | 0 | 1 | | 170 | ६१,०३६ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १४ गते (27 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Sky Of The World Manpower Pvt. Ltd.**
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01-4591316, Mob.: 9860049528, 9808840910, 9860924657
E-mail : skymanpower1039@gmail.com, info@skymanpower.com, Web.www.skymanpower.com
श्रम ई. पत्र नं.: १०३९/०७३/०७४

## Cyprus मा रोजगार | Medeon International Placement Agency Ltd., Larnaca, Cyprus

पूर्व स्वीकृती मिति २०८१।१२।०६ चलानी नं. ६०२३४८३० LT.No. 320598

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा / वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender | 02 | - | काममा दक्ष | 800 | १२१,१३४।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | छ | २ वर्ष |
| 2 | Butchers | 08 | - | | 750 | ११३,५६३।- | | | | | |
| 3 | Labour | 10 | - | | 550 | ८३,२७९।- | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्होर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५००।- | रु. ३५,०००।- |

अन्तर्वार्ता २०८१ चैत्र १४ गते (27 March, 2025) मेनपावर कार्यालय कोटेश्वरमा हुनेछ ।

[illegible]

**Kosh Overseas Pvt. Ltd.**
Seti Opi Marg, Koteshwor-32, Ktm, Ph no. 01-4537535, 4537536, 9851197732
इजाजत नं. १५०६/०७४/७५

## यूएईमा रोजगार

कम्पनी: TARTEEB CLEANING SERVICES शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/१२/०६ चलानी नं: ६०२३४७७३ LT. No.: 320619

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | TILE LAYER | 10 | 0 | स. काममा दक्ष | 1200 | ४५,१५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १४ गते (27 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.**
बसुन्धारा-३, काठमाडौं, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com
ईजाजत नं. ९३४/०६७/०६८

# लुम्बिनीमा ९५ हजार परीक्षार्थी सहभागी हुँदै



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ, ६ चैत ।

माध्यमिक शिक्षा परीक्षा (एसईई) परीक्षा २०८१ बिहीबारबाट सुरु हुँदैछ । बिहीबार बिहान ८ बजेबाट यस वर्षको परीक्षामा लुम्बिनी प्रदेशभर ९४ हजार ९ सय ८ परीक्षार्थी सहभागी हुँदैछन् । परीक्षा व्यवस्थितरूपमा सञ्चालन गर्न ३४८ परीक्षा केन्द्र तोकिएको छ भने ८ हजार ६ सय शिक्षक कर्मचारी परिचालन गरिएको छ ।

शिक्षा तथा सामाजिक विकास निर्देशनालयका निमित्त महानिर्देशक रेश्मीराज अर्यालकाअनुसार परीक्षाको आवश्यक तयारी सबै पूरा भएकोले परीक्षा बिहान आठ बजेवाट सुरु हुने छ । 'परीक्षा सञ्चालनका लागि गर्नुपर्ने सबै तयारी पुरा भएको छ', उनले भने ,'अब विद्यार्थीहरू परीक्षा केन्द्रमा पुग्न र ढुक्क भएर जाँचमा बस्न मात्रै बाँकी छ ।'

यस वर्ष रुपन्देहीमा सबैभन्दा धेरै २२ हजार ६ सय २३ परीक्षार्थीले परीक्षा दिँदैछन् भने दाङमा १४ हजार दुई सय ५४, कपिलवस्तुमा ९ हजार ४ सय ६१, बाँकेमा १० हजार २ सय ७४ परीक्षार्थी सहभागी हुँदैछन् । त्यस्तै, पाल्पामा ४ हजार ९ सय १०, गुल्मीमा ४ हजार ८ सय ५७, अर्घाखाँचीमा ३ हजार ४ सय ६५, रोल्पामा ४ हजार ७ सय ६५, प्युठानमा ४ हजार ९ सय ४०, बर्दियामा ७ हजार ७ सय ६२, नवलपरासी पश्चिममा ६ हजार ३ सय ९७, रुकुमपूर्वमा १ हजार २ सय परीक्षार्थी सहभागी हुँदैछन् ।

जसमा नियमिततर्फ ७४ हजार ५ सय ९८ परीक्षार्थी छन् भने ग्रेड वृद्धिका लागि २० हजार ३ सय १० परीक्षार्थीले परीक्षा दिँदैछन् । यसैगरी, प्राविधिक धारतर्फ ३ हजार १ सय ७४ विद्यार्थीले परीक्षा दिने भएका छन् ।

परीक्षा निष्पक्ष र मर्यादित बनाउन ८ हजार ६ सय कर्मचारी परिचालन हुँदैछन् । जसमा, केन्द्राध्यक्ष ३ सय ४८ जना, सहायक केन्द्राध्यक्ष ६ सय ३४, निरीक्षक ४ हजार ७ सय ५८, सहायक ९ सय ५८ र कार्यालय सहयोगी १ हजार ९ सय २ जना परिचालन हुँदैछन् । परीक्षा निष्पक्ष बनाउन शिक्षा निर्देशनालयले अनुगमन टोली परिचालन गर्ने जनाएको छ । यता आजबाट सुरु हुने माध्यमिक शिक्षा परिक्षा एसईईमा अर्घाखाँची जिल्लाबाट तीन हजार बढी विद्यार्थी सहभागी हुने भएका छन् । जिल्लाका ६ वटै पालिकाका सामुदायीक ७६ र संस्थागत ८ गरी ८४ विद्यालयका ३ हजार २ सय ८० जना विद्यार्थी एसईई परीक्षामा सहभागी हुन लागेको शिक्षा विकास तथा समन्वय एकाई अर्घाखाँचीका प्रमुख विष्णुप्रसाद बेल्वासेले जानकारी दिएका छन् ।

# टेङ्ग्राहामा विद्यालय व्यवस्थापन समिति गठन

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ६ चैत ।



रौतहटको फतुवा विजयपुर नगरपालिका-४ टेङग्राहामा रहेको श्री माध्यमिक विद्यालय टेङग्राहामा व्यवस्थापन समिति गठन भएको छ । बुधबार सम्पन्न अभिभावक भेलाले अभिभावकहरूमध्येबाट ४ जना सदस्य सर्वसम्मत चयन गर्दै समिति गठन गरेको हो ।

व्यवस्थापन समितिको सदस्यमा कमलेशकुमार यादव, अजय कुमार यादव, बबितादेवी महतो महिला सदस्य र शान्ति देवी पासवान दलित महिला सदस्य चयन भएका छन् ।

यस्तै अब चन्दादाताबाट एक जना र शिक्षाप्रेमी तथा समाजसेवीबाट एक जना सदस्य मनोनित हुनेछन् । त्यस्तै, वडाका प्रतिनिधि सदस्य, विद्यालयका एक जना शिक्षक सदस्य र प्रधानाध्यापक सदस्य सचिवसहित ९ सदस्यीय विद्यालय व्यवस्थापन समिति हुने विद्यालयले जनाएको छ । विद्यालयमा लामो समयदेखि व्यवस्थापन समिति गठन नहुँदा शिक्षक भर्नासहितका काम प्रभावित भएका थिए ।


## नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेसी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

### नमोबुद्ध नगरपालिका र रोशी गाउँपालिका भएर बग्ने रोशी खोला अन्तर्गतको नदीजन्य पदार्थको बिक्रिका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/१२/०७

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (११) को उपदफा (२) को खण्डघ (६) र बागमति प्रदेश सरकारको आर्थिक ऐन, २०८१ को दफा ९ (१) र सो सँग सम्बन्धित अनुसूची ५ मा भएको व्यवस्था अनुसार तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी नमोबुद्ध नगरपालिकाले तोकेको देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी बोलपत्र बढाबढको माध्यमबाट गर्नुपर्ने भएकोले प्रदेश सरकारबाट स्वीकृत आर्थिक ऐन उल्लेखित दर बमोजिम संकलन गर्ने गराउने गरी यस नगरक्षेत्र भित्र उत्पादन गरिएका दहत्तर वहत्तरको बिक्रि तथा निकासी शुल्क संकलन कार्यमा बोलपत्र पेश गर्न ईच्छुक फर्म वा कम्पनीहरु बाट तोकीएको न्युनतम अंकमा नघट्ने गरी नगरपालिकाको कार्यालयबाट बोलपत्र सम्बन्धी कागजात (**e–Bid Document**) ३० औ दिन भित्र खरिद गरी ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

तपशिल

| सि. नं. | कर तथा दस्तुर संकलन क्षेत्र | २०८२ जेष्ठ मसान्त सम्मको लागि | | बोलपत्र फारम दस्तुर रू. | कै. |
|---|---|---|---|---|---|
| | | न्यूनतम ठेक्का (मू.अ. कर बाहेक) | न्यूनतम ठेक्का (मू.अ. कर सहित) | | |
| १. | काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध नगरपालिका र रोशी गाउँपालिका भएर बग्ने रोशी खोला बगर (चौकीडाँडा पहिरो (राजमार्ग छिनेको ठाउँ) देखि पोटा खोला दोभान खण्ड सम्म) बाट प्रारम्भिक वातावरणीय परीक्षण (**IEE**) रिपोर्ट अनुसार नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरणमैत्री रुपले उत्खन्न तथा संकलन कार्य । | रु. ६४,७३,७१३।०० (अक्षेरुपी चौसठ्ठी लाख त्रिहत्तर हजार सात सय तेह्र मात्र) | रु. ७३,१५,२९६।०० (अक्षेरुपी त्रिहत्तर लाख पन्ध्र हजार दुई सय छयानब्बे मात्र) | रु. ५,०००।०० (अक्षेरुपी पाँच हजार मात्र) | |
| २. | काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध नगरपालिका र रोशी गाउँपालिका भएर बग्ने रोशी खोला बगर पोटा खोला दोभान देखि शनि खोला दोभान खण्डबाट प्रारम्भिक वातावरणीय परीक्षण (**IEE**) रिपोर्ट अनुसार नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरणमैत्री रुपले उत्खन्न तथा संकलन कार्य । | रु. ६२,२४,७२४।०० (अक्षेरुपी बैसठ्ठी लाख चौबिस हजार सात सय चौबिस मात्र) | रु. ७०,३३,९३८।०० (अक्षेरुपी सत्तरी लाख तेत्तिस हजार नौ सय अठ्तीस मात्र) | रु. ५,०००।०० (अक्षेरुपी पाँच हजार मात्र) | |

नोटः यस सम्बन्धि विस्तृत सूचना कार्यालयको वेबसाईट **namobuddhamun.gov.np** मा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**


# सुख्खा मौसम सुरु भएसँगै डढेलोको त्रास

**घनश्याम बलम्पाकी/मध्यान्ह**
सर्लाही, ६ चैत ।



सुख्खा मौसम र हावाहुरी सुरुभएसँगै बढ्दो डढेलोको कारण वनजंगल आसपासका स्थानीय त्रसित भएका छन् । जिल्लाको चुरेभेग तथा पूर्व पश्चिम राजमार्ग वरिपरीका जंगलमा भिषण डढेलो लाग्न थालेपछि वन जंगलका आसपास वस्तीका स्थानीय त्रासदीपुर्ण दिन काट्न बाध्य भएका हुन् ।

जिल्लामा रहेका विभिन्न सरकारी, साझेदारी, सामुदायिक वन र सागरनाथ वन विकास परियोजनाको वन क्षेत्रमा पनि बर्षेनी डढेलो लाग्ने गरेको स्थानीय बासिन्दाले बताएका छन् । सुख्खा मौसम सुरु भएसँगै यस वर्षपनि सर्लाहीका वनमा दर्जनौं स्थानमा डढेलो लागिसकेको छ । केही दिनदेखि चुरे क्षेत्र र विभिन्न सामुदायिक वन क्षेत्रमा डढेलो लागिरहेको छ ।

बुधबारपनि मुर्तिया क्षेत्रमा रहेको सागरनाथ वन विकास परियोनाको जंगलमा आगलागी भैरहेको छ भने मंगलवार लालबन्दी सव-डिभिजन वन अन्तर्गत बाहुनी सामुदायिक वनमा भिषण डढेलो लागेको लालबन्दी ११ बाहुनीका स्थानीय सुरेश पौडेलले जानकारी दिएका छन् । वस्ती नजिकै लागेको डढेलो स्थानीय स्रोत साधन प्रयोग गरी नियन्त्रण गरिएको उनले बताए । सम्बन्धित निकायमा जानकारी गराउँदा समेत कतैबाट सहयोग नपाएको उनले गुनासो गरे ।

बसन्त ऋतु सुरुभएसँगै रुख बिरुवाको नयाँ पात आउने र पुराना पात झरेर सुकेको समयमा जंगल क्षेत्रमा डढेलो लाग्ने गरेकको छ । चुरे भेग स्थित लालबन्दी नगरपालिका १४ नारायणखोलाका स्थानीय पुर्णबहादुर लुंगेलीले घर नजिकैको चुरेका जंगलमा बर्षेनी लाग्ने डढेलो कारण फागुनदेखि जेष्ठ चार महिना सम्म त्रासमा बस्नु पर्ने गुनासो गरे । वर्षेनी लाग्ने डढेलोका कारण बन्य जन्तु लोप हुँदै गएको उनले सुनाए । आगलागीकै कारण चुरे क्षेत्रमा दर्जनौं गाउँ डढेलोको जोखिममा छन् । वस्तुभाउ चराउन गएकाचुरोट बिडी खाएर राम्रोसँग ननिभाइकन जथाभावी ठुटा फ्याक्नाले डढेलोको जोखिम बढ्ने स्थानीयहरू बताउँछन् ।

अघिल्ला वर्षहरुमा झैं यस वर्षपनि डढेलो लाग्ने समय भएपनि डढेलो रोकथामका लागि कुनै निकायबाट पहल नभएको लालबन्दी १२ पत्थरकोटका स्थानीय हरी गुर्मछान मगरले गुनासो गरे । गुर्मछानका अनुसार विगतका बर्षहरुमा डढेलोका कारण जंगल नजिक र चुरे क्षेत्रमा बसोवास गर्ने नागरीकले जनधनको क्षती व्यहोर्नु परेको अनुभव सुनाए ।

यता डिभिजन वन कार्यालय सर्लाहीका प्रमुख सन्तोष झाले जंगलमा डढेलो लाग्दा मानव वस्ती समेत जोखिममा पर्ने भएकोले सचेत हुनुपर्ने बताए । त्यसकारण स्थानीय बासिन्दा अझ सचेत हुनुपर्ने बताएका छन् । वन तथा बन्यजन्तुलाइ डढेलो बाट जोगाउन वर्षेनी अग्नी नियन्त्रक खटाएर वन समितिका पदाधिकारीहरुलाइ अभिमुखीकरण तालिम समेत प्रदान गर्दै आइरहेको उनले बताए ।


### इमिरेट्स इन्टरनेसनल ड्राइभिङ ट्रेनिङ सेन्टर प्रा.लि. को
### कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरको सूचना

कम्पनी ऐन २०५३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०७१/०९/०९ मा दर्ता भएको (प्रा.लि. नं.१३००७६) को इमिरेट्स इन्टरनेसनल ड्राइभिङ ट्रेनिङ सेन्टर प्रा.लि. को संचालकहरुको मिति २०८१/११/२५ गतेमा बसेको बिशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वीडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसँग कोही कसै को कुनै बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदावी गर्न निम्न लिखित लिक्वीडेटरसँग सम्पर्क राख्न हुन सूचित गरिन्छ ।

**गंगा प्र. भेटवाल**
**दामासाही व्यवसायी**
**ईजाजत नं. ४९८**

**जी स्पेश ल फर्म**
**किर्तीपुर-८, काठमाडौं**
**मोवाईल नं. ९८४९७१४८६७**



## Dordi Rural Municipality
### Office of the Municipal Executive
Nauthar, Lamjung

**Invitation for Bids No: DORDI/NCB/W/03/081/082**

**Date of first publication : 2081/10/24 (7th February 2025)**
**Date of Second publication : 2081/12/7 (20th March 2025)**

1. Dordi Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the Construction of Temple at Illim Pokhari placed in boarder of Dordi and Dudhpokhari Rural Municipality under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 6181906.18 (Sixty one Lakhs eighty one thousand nine hundred six rupees and eighteen paisa only exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Dordi Rural Municipality, Office of the Municipal Executive, Nauthar-Lamjung or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder must submit their bid electronically download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher must be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Global IME Bank**
   **Name of Office: Dordi Rural Municipality**
   **(GA .1.1 Aantarik Rajaswo Khata Dordi for bid document fee): 24404010000008**
   **GA.3.1 Dharauti Khata Dordi: - 24404010000002 (For Bid Security)**
   **Office Code No: 11019301**
   **Rajaswo Shirsak no: 14229**
4. Pre-bid ameeting shall be held at documents at the office of Dordi Rural Municipality, Office of the Municipal Executive, Nauthar, Lamjung at 24-03-2025 13:00 hours.
5. Sealed or electronic bids must be submitted to the office of Dordi Rural Municipality, Office of the Municipal Executive, Nauthar, Lamjung through PPMO website www.bolpatra.gov.np/egp on before e 04-04-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 04-04-2025 13:00 at the office of Dordi Rural Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of 2,10,000 (0.21 million) which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
9. Matters not covered above shall be as per the latest amendment of Public Procurement Act and its Regulation



### नबिल बैंक लिमिटेड, कोहलपुर शाखा, बांकेको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/१२/०७)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सोको लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

१

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/०१/२६ मा दर्ता नं. २१४७२१/७५/०७६ अन्तर्गत दर्ता भएको **कुष्णसार कन्स्ट्रक्सन प्रा.लि. ।**
ठेगानाः वडा नं. ११, कोहलपुर, बाँके

**ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण**

१. शुराम खड्काको नाति, वहादुर खड्काको छोरा, जाजरकोट जिल्ला सवानाउलि गा.वि.स वडा नं ४ बस्ने, ना.प्र.नं. १२३३ (जारी मितिः २०६३/०६/०४,स्थान जाजरकोट) भएको **कुष्ण वहादुर खड्का ।**
२. नर बहादुर कुवरकी छोरी, वहादुर खड्काकी बुहारी, कुष्ण वहादुर खड्काकी श्रीमती, रोल्पा जिल्ला लिवाङ गा.वि.स वडा नं ७ बस्ने, ना.प्र.नं. ५७०६७ (जारी मितिः २०६१/१२/१४, स्थान रोल्पा) भएकी **खिर्मा कुवर ।**

**सवारी साधनको विवरणः**

ऋणी **कुष्णसार कन्स्ट्रक्सन प्रा.लि** र धनी यस बैंक समेत भएको निजि सवारी साधन दर्ता नं. प्रदेश ३-०१-००३ क ४६५३ भएको CAT 320 DC Excavator.

२

**ऋणीको नाम र ठेगानाको विवरण**

शुराम खड्काको नाति, वहादुर खड्काको छोरा, जाजरकोट जिल्ला सवानाउलि गा.वि.स वडा नं ४ बस्ने, ना.प्र.नं. १२३३ (जारी मितिः २०६३/०६/०४,स्थान जाजरकोट) भएको **कुष्ण वहादुर खड्का ।**

**ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

नर बहादुर कुवरकी छोरी, वहादुर खड्काकी बुहारी, कुष्ण वहादुर खड्काकी श्रीमती, रोल्पा जिल्ला लिवाङ गा.वि.स वडा नं ७ बस्ने, ना.प्र.नं. ५७०६७ (जारी मितिः २०६१/१२/१४, स्थान रोल्पा) भएकी **खिर्मा कुवर ।**

**कुष्णसार कन्स्ट्रक्सन प्रा.लि. र कुष्ण वहादुर खड्काको संयुक्त धितोको विवरण**

धितोमा रहेको घर/जग्गाको विवरणजाजरकोट जिल्ला सवानाउलि गा.वि.स वडा नं ४ बस्ने, **कुष्ण वहादुर खड्का**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. ३ नक्सा सिट नं. ३क मा अवस्थित कि.नं. ५८४ क्षेत्रफल ०-०-६.२५-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

७ चैत २०८१ बिहीबार
20 March 2025, Thursday

## सम्पादकीय

# अपराध न्यूनीकरणका सवाल

अपराध मानव समाजको सधैंको कलंक हो । समाजलाई विकृत बनाउने, बिखण्डित गर्ने, अनुशासन, नीति, नियम र कानुनको बर्खिलाप हुने हरेक क्रियाकलाप अपराध हुन् । अपराधलाई काटमार, हत्या र हिंसाका रूपमा मात्र लिइनु उचित हुँदैन । तस्करी, भ्रष्टाचार, अनियमितता पनि अपराधभित्रै समेटिनु सान्दर्भिक हुन्छ । यस्ता कुकृत्यका कारण समग्र मानव समाज नै प्रभावित बनिरहेको छ । यो नेपालको मात्र नभई विश्वव्यापी समस्या हो । तथापि, हामीले हाम्रै सन्दर्भमा यसलाई गम्भीर रूपले हेर्नु जरूरी देखिएको छ ।

केही दिनअघि मात्र काठमाडौंबाट २५ करोड १९ लाखभन्दा बढी बराबरका अमेरिकी र युरो मुद्रा प्रहरीले बरामद गरेको छ । उक्त रकम हालसम्म नेपाल प्रहरीले बरामद गरेको सबैभन्दा ठूलो अवैध रकम भएको बताइएको छ । उक्त रकमको कनेक्सन सुन तस्करसँग रहेको प्रहरीको प्रारम्भिक अनुमान छ । सँगसँगै सुन तस्करी पनि नेपालमा भयावह समस्याका रूपमा देखिँदै आएको छ । उसो त जनावरका अंगदेखि लागुऔषधसम्मका तस्करी पनि व्यापक हुने गरेका घटना प्रशस्त छन् । यी पनि अपराधकै रूप हुन् । व्यक्ति हत्याका घटना झनै जर्जर छन् । सामान्य लेनदेनदेखि लुटपाट अनि वैयक्तिक रिसइबीसम्मका कारण व्यक्ति हत्या बढ्दो देखिन्छ । विगतमा भएका यस्ता कतिपय घटनामा छानबिन भई निष्कर्ष आउन सकेको र दोषी पहिचान गरी कारबाही हुन सकेको अवस्था छैन । अर्को भयानक अपराध छ– बलात्कारको । नाबालिकादेखि वृद्धासम्म बलात्कारका सिकार भइरहेका तथ्यहरू छन् । यस्ता घटनामा बलात्कारपछि हत्यासम्म हुने गरेका छन् । निर्मला पन्त प्रकरण जस्ता अनेक प्रकरण आज पनि भइरहेका छन् तर छानबिन र कारबाहीमा सरकार चुकेको छ । हाम्रा संयन्त्रहरू निष्प्रभावी बनेका छन् ।

अपराध निमिट्यान्न हुन नसक्ला तर न्यूनीकरण अवश्य हुन सक्छ । समाजलाई शान्त, सुन्दर, अनुशासित र भयरहित बनाउन पहिलो शर्त नै अपराधबाट मुक्त गराउनु हो । अपराधका कारण, कारक र संलग्न व्यक्तिहरू तत्काल पहिचान गर्ने र कारबाही गर्ने प्रभावकारी संयन्त्रको खाँचो एकातिर छ भने सँगसँगै अपराधका प्रकार, प्रकृति र स्वभावबारे सचेतनासहति त्यसबाट जोगिने उपायबारे आमजनलाई प्रशिक्षित गर्न तीनै तहका सरकार, सुरक्षा निकाय र नागरिक समाजको सक्रियता अत्यावश्यक छ । अपराधविहीन समाजको परिकल्पनासहित राज्यले विशेष कार्यक्रमका प्याकेज सार्वजनिक गरी कार्यान्वयन गरोस् ।

# उद्यमशीलतामा युवा

*युवालाई उद्यमशीलतामा प्रेरित गर्न एक स्थानीय तह, एक विशिष्टीकृत उत्पादनका माध्यमबाट कृषिको व्यावसायीकरण र विविधीकरण गर्नुपर्छ । आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गरी स्वदेशी वस्तुको बजारीकरणमा विस्तार गर्नुपर्छ...*

अग्रलेख



● झलक शर्मा

युवा वर्ग राज्यको महत्त्वपूर्ण जनशक्ति हो । युवाहरूमा आँट, साहस, उत्साह, इच्छा, आकांक्षा हुनुका साथै मनोवैज्ञानिक एवं शारीरिक रूपले पनि सक्षम हुने गर्छन् । युवाले नै देश निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् ।

नेपालको राजनीतिक तथा सामाजिक परिवर्तनमा युवा वर्गको गरिमामय भूमिकालाई राज्यले प्रशंसा गर्नैं पर्छ । जस्तोसुकै परिस्थितिमा पनि देशभक्तिमा लाग्ने युवाहरू साँच्चै देशको दरिलो खम्बाको रूपमा उभ्याउनु जरुरी छ ।

राष्ट्रिय युवा नीति, २०७२ अनुसार १६ वर्षदेखि ४० वर्षको उमेरसम्मका नागरिकलाई युवाका रूपमा परिभाषित गरेको छ । राज्य संचालनका हरेक प्रक्रियामा युवाको सक्रिय सहभागिता र नेतृत्वदायी भूमिका सुनिश्चित हुनु आवश्यक छ ।




युवालाई गुणस्तरीय, समय सापेक्ष रोजगारमूलक शिक्षा, व्यावसायिक सीप, विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुसन्धानका लागि पहुँच, उद्यमशीलताका लागि केही अवसरहरू सिर्जना गर्नुपर्ने भएको छ । नेपालमा बढ्दै गएको राजनीतिक वितृष्णाले युवा वर्गमा नैराश्य बढ्दै गएको छ ।

युवा वर्गका सवालहरू पुरा हुनुको सट्टा सरकार व्यक्तिगत स्वार्थको दलदलमा फसिसकेको छ । सरकारले युवा वर्गलाई के-कस्तो अवसर कसरी प्रदान गऱ्यो भने कुरालाई ध्यान दिनु जरुरी छ । अवसरहरू बेला बखतमा युवा वर्गलाई नै लक्षित छन् तर त्यसमा लाभ प्राप्तिमा युवा वर्गले समान रूपमा पाएका छन् वा छैनन्, त्यसबारे विचार पुऱ्याउनुपर्ने छ ।

सरकारले प्रदान गरेको लाभ, अवसरहरूमा राजनीतिक दलकै कार्यकर्ताको हालीमुहाली छ । राजनीतिक दलमा आबद्ध नभएका युवाहरूले त्यस्ता अवसरबारे न जानकारी पाउँछन्, न त त्यसको पहुँचमा नै पुग्न सक्छन् ।

अहिले नेपालमा रहेका युवाहरू उद्यमशीलतामा भन्दा वैदेशिक रोजगारीमा रमाउन चाहन्छन् । विदेश जानु नै जीवनको सपना पूरा भएको अनुभूत गर्छन् । तर, विदेशमा श्रमको उचित मूल्य पाइँदैन भन्ने कुरामा भने युवाहरू मौन नै बस्छन् । केही वर्ष विदेशमा दुःख गरेर नेपाल फर्किएर बिलासी जीवन जिउने परिकल्पनामा युवाहरू रमाउने गर्छन् ।

विदेश पलायनले नेपाली युवामा रहेको सिर्जनात्मक क्षमता, बौद्धिकतालाई लोप गराई ओझेलमा पारिदिएको हुन्छ । त्यसको ठीक विपरीत नेपाल सरकारले वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई उचित अवसर र संरक्षण दिन सकिरहेको अवस्था छैन । उनीहरूले विदेशमा सिकेको सीप, ज्ञान प्रविधिलाई नेपालले उपयोग गर्न सकेको छैन ।

मुलुकमा लगानीमैत्री वातावरण निर्माण हुन नसक्दा अर्थतन्त्र खस्कँदै गएको छ । यतिबेला मुलुकको आर्थिक अवस्थामा व्यापक सुधार गर्नु टड्कारो आवश्यकता देखिएको छ । सरकारले लगानी अभिवृद्धि गर्ने, औद्योगिकीकरणमा जोड दिने हो भने सहजै रोजगारी सिर्जना गर्न सकिन्छ । अर्थतन्त्रलाई सबल बनाउन युवालाई उद्यमशीलतामा जोड्नु आवश्यक छ ।

नेपालमा थुप्रै स्रोत साधन, कच्चा पदार्थ, जमिनहरू छन् भने पुँजीको न्यूनता छ । अनुत्पादक क्षेत्रमा पुँजी लगानी हुने समस्या भने बढ्दै गएको छ । कृषि उद्यमलाई प्रोत्साहन गरी कृषि औजार, मल, बिउ-बीजन समयमा नै उपलब्ध गराउन सक्नुपर्छ । कृषि उत्पादनका लागि भौतिक पूर्वाधारहरू बाटोघाटो, बिजुली, सिँचाइ आदिको निर्माण गर्नु आवश्यक छ । उत्पादित कृषि उपजको उपयुक्त बजारको व्यवस्था गरिदिने, सरकारले समर्थन मूल्य तोक्ने, बजार नपाएका खण्डमा सरकारकै सक्रियतामा बिक्री-वितरण गर्ने अथवा सरकारले नै खाद्य तथा व्यापार कम्पनीमार्फत खरिद गरिदिनु आवश्यक छ ।

कृषिलगायत अन्य क्षेत्रमा पनि अब्बल बनाउन राज्यका तर्फबाट प्रयत्न गरिरहनुपर्छ । मोबाइल, टीभी, फ्रिज, ल्यापटप मर्मत, हाउस वायरिङ, ब्युटिसियन तालिमहरू प्रदान गरेर उद्यमशीलताको बाटो देखाउनुपर्छ । व्यापार व्यवसाय गर्न चाहने युवालाई करको दायराबाट केही प्रतिशत छुट दिई राज्यले सहुलियत दिनुपर्छ । आजभोलि नेपाली युवाहरू पर्यटकीय क्षेत्रमा लगानी गर्न उत्साहित पनि देखिन्छन् । प्याराग्लाइडिङ, बन्जी जम्प, रक क्लाइम्बिङ तथा एड्भेन्चरस खेलमा लगानी गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन उल्लेखनीय भूमिका खेलेको देख्न सकिन्छ । त्यसैले, राज्यले पर्यटकीय गतिविधि संचालन गर्न पर्यटकीय गन्तव्यको खोजी गरिदिनु, नयाँनयाँ पदमार्गको निर्माण गर्नु जरुरी छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै अब सक्रिय राजनीतिक दलहरू आर्थिक विकास र समृद्धिको मुद्दामा केन्द्रित हुनुपर्ने देखिन्छ । निजी क्षेत्रलाई क्रियाशील बनाउँदै व्यावसायिक कुशलता र उद्यमशीलता विकासमा जोड दिनु उचित हुन्छ ।

मुलुकको १६औं आवधिक योजनामा राष्ट्र निर्माणमा युवा परिचालन कार्यक्रममार्फत युवालाई परिचालन गर्ने सोच राखेको छ । नयाँ उद्यम-व्यवसाय गर्न चाहने युवाहरूलाई स्टार्ट अप उद्योग-व्यवसाय स्थापना गर्न प्राविधिक सहयोग, पुँजीगत अनुदान, सहुलियतपूर्ण ऋण तथा बजारको व्यवस्था गर्नुपर्छ ।

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यमार्फत उद्यमशीलताको विकासका लागि व्यावसायिक तथा सीप विकास तालिमको व्यवस्था गर्ने, सिक्दै कमाउँदै, पढ्दै कमाउँदै तथा कमाउँदै पढ्दै भन्ने सरकारको लोकप्रिय नारालाई कार्यान्वयनमा ल्याउन जरुरी छ । बेरोजगार सहायता कार्यक्रम संचालन गर्ने, स्थानीय स्तरका लघु, साना र मझौला उद्योगको विकास गर्ने, वैदेशिक विलासिताका सामानको प्रयोगलाई निरुत्साहित गरी स्वदेशी उत्पादनको प्रयोगलाई प्रोत्साहन गर्नुपर्छ । परम्परागत सीप, कला तथा पेसालाई संरक्षण तथा व्यावसायीकरण गर्नुपर्छ । निजी क्षेत्रको लगानी आकर्षित गर्न सार्वजनिक-निजी साझेदारी र वैदेशिक लगानीकर्तासँगको

> मुलुकमा लगानीमैत्री वातावरण निर्माण हुन नसक्दा अर्थतन्त्र खस्कँदै गएको छ । यतिबेला मुलुकको आर्थिक अवस्थामा व्यापक सुधार गर्नु टड्कारो आवश्यकता देखिएको छ । सरकारले लगानी अभिवृद्धि गर्ने, औद्योगिकीकरणमा जोड दिने हो भने सहजै रोजगारी सिर्जना गर्न सकिन्छ...

साझेदारीलाई प्रोत्साहन गर्नुपर्छ । युवालाई उद्यमशीलतामा प्रेरित गर्न एक स्थानीय तह, एक विशिष्टीकृत उत्पादनका माध्यमबाट कृषिको व्यावसायीकरण र विविधीकरण गर्नुपर्छ । आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गरी स्वदेशी वस्तुको बजारीकरणमा विस्तार गर्नुपर्छ । संघ, प्रदेश र स्थानीय तहको प्रयासमा सिँचाइ सुविधा विस्तार गर्ने, रासायनिक मलको नियमित आपूर्तिमा जोड दिने, कृषिमा यान्त्रीकरण भित्र्याई कामलाई सरल र सहज बनाउने एवं कम खर्चिलो बनाउनुपर्छ ।

युवामा अन्तर्निहित प्रतिभा प्रस्फुटन, सीप र क्षमता विकास गर्न राज्यले व्यापक लगानी गर्नु अपरिहार्य छ । यस विषयमा सरकार, राजनीतिक दल, नागरिक समाजको ऐक्यबद्धताको आवश्यकता पर्छ । उद्यमशीलता विकास गर्न व्यवसाय सिर्जनासम्बन्धी कार्यक्रम संचालन तथा व्यवस्थापन गर्नुपर्छ । श्रम बजार र श्रम शक्ति उत्पादनमा देखिएको असामञ्जस्य कम गर्दै श्रम बजारको आवश्यकताअनुसार युवा जनशक्ति तयार गर्न जोड दिनुपर्छ । उद्यमशीलताका क्षेत्रमा लगानी गर्ने युवाका विभिन्न किसिमका उद्यमहरूलाई राज्यले बीमाको व्यवस्था मिलाउनुपर्ने छ । युवालाई स्वदेश तथा विदेशको अनुभव दिलाउन ज्ञान आदान-प्रदान, अध्ययन भ्रमण, देश दर्शन तथा युवा शिविर कार्यक्रम संचालन गर्न सकेमा सक्षम युवा निर्माण गर्न सकिन्छ ।

## इतिहासमा आज

२० मार्च २०१७ मा उत्तराखण्ड राज्यले यमुना र गंगालाई 'जीवित अस्तित्व'का रूपमा घोषणा गरेको थियो ।



२० मार्च २०२० मा निर्भया बलात्कार मुद्दाका ४ दोषीलाई फाँसी दिइएको थियो ।



२० मार्च २०१६ मा बाराक ओबामाले क्युबाको भ्रमण गरेका थिए । उनी सन् १९२८ पछि क्युबाको भ्रमण गर्ने पहिलो अमेरिकी राष्ट्रपति बनेका थिए ।



२० मार्च २०१८ मा साउदी अरेबियाका युवराज मोहम्मद बिन सलमानले ह्वाइट हाउसमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई भेटेका थिए ।



# युवाले खोजेको अवस्था

विचार



● युवराज न्यौपाने

> युवाले खोजेको अवस्था भनेको यस्तो समाज हो, जहाँ उनीहरूले समान अवसर पाउन सकून् । शिक्षा, रोजगारी, उद्यम र सामाजिक सुरक्षामा उनीहरूलाई प्राथमिकता दिइयोस् । राज्यले नीति निर्माणमा युवाको सहभागिता सुनिश्चित गरोस् । उनीहरूको क्षमता विकासका लागि आवश्यक स्रोतहरू उपलब्ध गराइयोस्...

नेपालका युवा आफ्नो भविष्यलाई लिएर अन्योलमा छन् । अवसर, स्थायित्व र पहिचान खोजिरहेका छन् । तर, तिनै कुराहरूमा उनीहरू अभावको सामना गर्दै छन् ।

अहिलेको पुस्ताले स्थायी रोजगारी, उचित पारिश्रमिक र सामाजिक सुरक्षासहितको वातावरण चाहन्छ । तर, यो सम्भावना देशमै सीमित देखिँदैन, जसले गर्दा लाखौं युवा वैदेशिक रोजगारीतर्फ धकेलिएका छन् ।

शिक्षाको कुरा गर्दा, विश्वविद्यालयहरूमा प्रविष्टि पाउन त सजिलो छ तर शिक्षाको गुणस्तर र त्यसले दिने सीप बजारसँग मेल खाँदैन । अधिकांश कलेजहरू सैद्धान्तिक ज्ञानमा मात्र केन्द्रित छन्, जसले गर्दा युवाले व्यावहारिक ज्ञान पाउन सक्दैनन् । पढाइ पूरा गरेपछि जागिरको खोजी गर्नु अर्को चुनौती हो ।

सरकारी क्षेत्रमा सीमित अवसर भएकाले निजी क्षेत्रमा आश्रित रहनुपर्ने बाध्यता छ । तर, निजी क्षेत्रमा पनि स्थायित्व छैन, ज्याला न्यून छ र श्रम अधिकार सुनिश्चित गरिएका छैनन् ।

आफ्नो प्रतिभा र क्षमताको उपयोग गर्दै उद्यमशीलता अपनाउने चाहना धेरै युवामा छ । तर, उद्यम गर्नका लागि आवश्यक पूँजी, प्रोत्साहन र अनुकूल नीति राज्यले दिन सकेको छैन ।

बैंकहरूले ऋण दिने प्रक्रियालाई झन्झटिलो बनाएका छन्, सरकारी सहयोग कागजमै सीमित छ र बजारको अस्थिरताले युवा उद्यमीहरूलाई निराश बनाएको छ । सफल उद्यमशीलताको सम्भावना देखेर पनि असफलताको डरले धेरैलाई अघि बढ्नबाट रोकेको छ ।

राजनीतिक अस्थिरताले युवाको भविष्य अझ अनिश्चित बनाएको छ । युवा पुस्ताले नीति निर्माण तहमा आफ्नो प्रतिनिधित्व खोजिरहेको छ तर अनुभवका नाममा उनीहरूलाई पछाडि धकेल्ने प्रवृत्ति छ ।

राजनीतिक दलहरू युवालाई चुनावी नारा मात्र बनाउने तर नेतृत्व तहमा ल्याउन नचाहने प्रवृत्तिले निराशा बढाएको छ । यही निराशाले गर्दा धेरै युवा राजनीतिक परिवर्तनप्रति उदासीन भएका छन्, जसले दीर्घकालीन रूपमा मुलुककै लागि हानिकारक असर पार्न सक्छ ।

विदेश पलायन युवाको बाध्यता मात्र होइन, चाहना पनि बन्दै गएको छ । जब आफ्नै देशमा अवसर न्यून हुन्छ, तब विकल्पको खोजी हुन्छ । धेरै युवा उच्च शिक्षाका लागि विदेश जान चाहन्छन् तर अधिकांश फर्केर आउँदैनन् । यही क्रम जारी रहे देशको उत्पादनशील जनशक्ति घट्दै जाने छ ।

प्रवासी जीवनले आर्थिक रूपमा फाइदा गरे पनि भावनात्मक रूपमा टाढिनुपरेको, परिवारको साथ छुट्टिनुपरेको र अन्ततः आफ्नो पहिचान भुल्नुपर्ने अवस्था सिर्जना भएको छ ।

युवाले खोजेको अवस्था भनेको यस्तो समाज हो, जहाँ उनीहरूले समान अवसर पाउन सकून् । शिक्षा, रोजगारी, उद्यम र सामाजिक सुरक्षामा उनीहरूलाई प्राथमिकता दिइयोस् । राज्यले नीति निर्माणमा युवाको सहभागिता सुनिश्चित गरोस् । उनीहरूको क्षमता विकासका लागि आवश्यक स्रोतहरू उपलब्ध गराइयोस् । श्रम बजारलाई मर्यादित बनाइयोस्, जहाँ कामदारले उचित पारिश्रमिक र सुरक्षाको प्रत्याभूति पाउन सकून् ।

सकारात्मक परिवर्तन ल्याउन युवाले आफैं पनि जागरुक हुनुपर्छ । क्षमता अभिवृद्धि, सीप सिक्ने उत्सुकता र सही ठाउँमा आफ्नो आवाज उठाउने पहल उनीहरूले गर्नुपर्छ । प्रविधिको सदुपयोग गर्दै सिर्जनशीलता देखाउने, स्वदेशमै अवसर सिर्जना गर्ने सोच राख्नुपर्छ ।

नेपालका युवाले अब निराश भएर बस्ने समय छैन । उनीहरूले खोजेको अवस्था आफैंले बनाउनुपर्ने छ । समाज, सरकार र युवा स्वयं मिलेर मात्र यस्तो भविष्य निर्माण गर्न सकिन्छ, जहाँ युवाले आफ्नो पहिचान, अवसर र स्थायित्व पाउन सकून् ।

## सामाजिक सञ्जाल




हरि रोका

'राजस्व उठाएर खर्च धान्न सकस पऱ्यो', अर्थमन्त्रीले सकस सुनाएछन् । मन्त्रीले सकस फुकाउने हो, सुनाउने होइन । सकिन्नँ, बाहिरिने हो, पदमा झुण्डिने होइन । देश गहिरो मन्दीबाट गुज्रँदै छ, भोगिँदै छ । संकट अर्थतन्त्रको संरचनामा छ, धुरन्धरहरू उत्पादनमा होइन, निजीकरणमा खोज्छन् । आयोग कता बेपत्ता, थाहा चाहियो ।



गोकुल बाँस्कोटा

राजावादी, जो पश्चगामी हुन्, एक हुने कुरो सुनिन्छ । तर, वामपन्थी, जो जन्मजात अग्रगामी हुन्, तिनलाई मिलाउन-जोडाउन सक्ने सुपरग्लु संसारको कुनै कम्पनीले बनाउन नसक्नु पनि एआई युगकै चरम असफलता लाग्यो मलाई त । अहिले कर्कलोघारी फाँड्न बन्चरो खोज्न पर्दैन । अर्को माघमा घरघरमा नवराज राजा आँउछन् ।



माइक बुढाथोकी

नेपालको 'स्वतन्त्र बिद्यार्थी युनियन' भनेको नेताहरूको झोले उत्पादन गर्ने सस्था हो भने कलेजहरू बिदेशीका कामदार उत्पादन गर्ने कारखाना हो । अन्य देशका कलेजहरूमा ज्ञान, आविष्कार र सीपका बारेमा अध्ययन हुन्छ भने नेपालमा लुट, कुटाकुट, जुलुस र आन्दोलन मात्र हुन्छ । यो कहिलेसम्म ?



सूर्यमाराज राई

गगन प्रतिगामी शक्तिलाई रोक्न, पपुलिस्टहरूको बदनियतलाई छेक्न, पार्टी कब्जा गरेर आजीवन हालीमुहाली गर्दै आएका बेकाम नेतृत्वलाई पन्छाएर नयाँ विचार र नेतृत्व स्थापित गर्न, व्यवस्था बचाउन, अवस्था बदल्न, नागरिक अधिकार समृद्ध बनाउन राजनीतिक रणमैदानमा छन् । गगन युगको माग हुन्, आशा-भरोसा हुन् ।

# निजी स्वास्थ्य संस्था संघर्ष समितिले बुझाए ज्ञापनपत्र

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ६ चैत ।



रौतहटको चन्द्रपुर नगरपालिका स्थित निजी स्वास्थ्य संस्थाहरूको मापदण्ड र संचालन अनुमतिसम्बन्धी उठेको विवादलाई लिएर निजी स्वास्थ्य संस्था संघर्ष समितिले ज्ञापनपत्र बुझाएका छन् । निजी स्वास्थ्य संस्था संघर्ष समितिले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाउँदै, चन्द्रपुर नगरपालिकाबाट ३५ दिने अस्थायी अनुमति पत्र प्राप्त गरेका स्वास्थ्य संस्थाहरूलाई स्थायी अनुमति प्रदान गर्नु पर्ने माग गरेका हुन् ।

चन्द्रपुर नगरपालिका भित्र रहेका निजी स्वास्थ्य संस्थाहरूले मापदण्ड पूरा गरी ३५ दिने अस्थायी अनुमति पत्र प्राप्त गरेका भएता पनि नगरपालिकाबाट स्थायी अनुमति पत्रको प्रक्रिया अझै पूरा हुन सकेको छैनन् । ज्ञापनपत्रमा उनीहरूले प्रमुख जिल्ला अधिकारीसँग निजी स्वास्थ्य संस्थाहरू बन्द भए भने गरीब र असहाय बिरामीहरूको स्वास्थ्य उपचारमा गम्भीर समस्या उत्पन्न हुनसक्ने उल्लेख गरेका छन् ।

चन्द्रपुर नगरपालिका प्रमुखको अध्यक्षतामा आइतबार बसेको बैठकमा सहमतिको आधारमा १० दिन भित्र मापदण्ड पूरा गरी स्थायी अनुमतिपत्र प्रदान गर्ने निर्णय गरिएको थियो । तर, अहिलेसम्म कुनै पनि सकारात्मक कदम चालिएको छैनन् । यसले निजी स्वास्थ्य संस्थाहरूको भविष्य र नागरिकहरूको स्वास्थ्य उपचारमा गम्भीर असर पार्न सक्ने चिन्ता समिति र स्थानीय समुदायले व्यक्त गरेका हुन् । समितिका सदस्य मुकेशकुमार गुप्ताले स्वास्थ्य संस्थाहरू बन्द हुँदा केवल आर्थिक अप्ठ्यारो मात्र होइन बिरामीहरूको जीवनको पनि संकट उत्पन्न हुने बताए ।

# राष्ट्रिय निकुञ्ज र संरक्षण क्षेत्रका कानुन संशोधन गरिँदै



**काठमाडौं/मस–** सरकारले राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रमा पूर्वाधार निर्माणसम्बन्धी सर्वोच्च अदालतले गरेको फैसलालाई समयानुकूल कानुन संशोधन गरी अगाडि बढ्ने जनाएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार बसेको सरोकारवालाको बैठकले वातावरण र विकासलाई सँगसँगै बढाउन बाधक कानुनलाई समयानुकूल संशोधन गर्दै अगाडि बढ्ने निर्णय गरेको हो ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही, मुख्यसचिव एकनारायण अर्याल र सम्बन्धित मन्त्रालयका सचिवसहितको संयुक्त बैठकले उक्त निर्णय गरेको हो । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री खड्काले सर्वोच्च अदालतको फैसलाले सरकारले राखेको ऊर्जा विकासको लक्ष्यलाई बाधा पुग्ने बताए । उनले राष्ट्रिय आवश्यकतालाई हेरेर कानुन संशोधन गर्नुपर्नेमा जोड दिए । उक्त फैसलाले हाल निर्माण भइरहेको आयोजनाको प्रसारण लाइनमासमेत असरपर्ने मन्त्री खड्काले बताए ।

बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री चौरसियाले लगानीकर्ताको लगानी डुब्ने गरी सर्वोच्च अदालतले फैसला गरेकाले मुलुकलाई फाइदा नपुग्ने बताए । सर्वोच्च अदालतले गरेको निर्णयप्रति अदालतका न्यायाधीशसँग बसेर छलफल गर्न सकिने उनको भनाइ थियो । कानुन मन्त्री चौरसियाले ऊर्जा, पर्यटन र सिँचाइ क्षेत्र मुलुकको आर्थिक विकासका लागि महत्वपूर्ण क्षेत्र भएकाले यसलाई अवरोध गर्ने कानुन भए परिमार्जन गरेर अगाडि बढ्न सकिने उल्लेख गरे । राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रको बारेमा थप कानुन बनाउने तथा पुनरावलोकनमा जानेबारे प्रधानमन्त्री कार्यालय र कानुन मन्त्रालय बसेर अगाडि बढ्न सकिने उनको भनाइ थियो ।

वन तथा वातावरणमन्त्री शाहीले सर्वोच्च अदालतको कारण वन क्षेत्र अप्ठ्यारोमा परेको बताए । वन क्षेत्रको समस्या समाधानका लागि मन्त्रालयले निरन्तर काम गरिरहेको मन्त्री शाहीको भनाइ थियो ।

# आजदेखि लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति महोत्सव



**काठमाडौं/मस –** लुम्बिनीलाई विश्वव्यापी शान्ति र आध्यात्मिक पर्यटनको केन्द्रका रूपमा प्रवर्द्धन गर्ने उद्देश्यले आगामी बिहीबारदेखि 'लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति महोत्सव' हुने भएको छ । नेपाल पर्यटन बोर्डले नेपालस्थित चिनियाँ दूतावास, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँगको सहकार्यमा महोत्सव आयोजना गर्न लागेको हो ।

२०७१ चैत ७ गतेदेखि २०८२ वैशाख २९ गतेसम्म युनेस्को विश्व सम्पदा सूचीमा सूचीकृत लुम्बिनी र वरपरका सहरमा महोत्सव आयोजना हुने पर्यटन बोर्डले जनाएको छ । बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले दोस्रो लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति महोत्सव नेपालले शान्ति र सांस्कृतिक आदानप्रदानलाई प्रवर्द्धन गर्न गरेको प्रतिबद्धताको प्रतीकका रूपमा अघि बढाइएको बताए ।

उनले भने, 'हामी विश्वभरका पाहुनालाई लुम्बिनीको आध्यात्मिक अनुभव आदानप्रदान गर्न र विश्वव्यापी सौहार्दता मनाउन निमन्त्रणा गर्दछौं ।' लुम्बिनीलाई विश्वव्यापी शान्ति र आध्यात्मिक पर्यटनको केन्द्रको रूपमा प्रवर्द्धन गर्नुका साथै नेपाल, चीन र अन्य राष्ट्रहरूबीच सांस्कृतिक, खेलकुद, धार्मिक र जनस्तरको अवस्था आदानप्रदानलाई प्रोत्साहन दिन महोत्सव आयोजना गरिएको बोर्डले विज्ञप्तिमार्फत् उल्लेख गरेको छ ।

यही चैत ७ गतेदेखि सुरु हुने महोत्सवमा चैत ८ गते मायादेवी मन्दिर बाहिरको पवित्र उद्यानमा एक सय भिक्षु र चार सय साधकको सहभागितामा ध्यान सत्र सञ्चालन हुनेछ ।


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०८/१४ मा दर्ता भएको **प्रा.लि.नं. २४८४३३** को **गुप्ता मेडिकल एण्ड एडभान्स गाइने केयर सेन्टर प्रा.लि.** को मिति २०८१/१२/०६ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इ.प. नं. ४०४ त्रिपुरेश्वर, काठमाडौं, मो.: ९८५१२१७००४**



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६८/०२/०१ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **८३२११** को **नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजि कन्स्ट्रक्सन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१२/०६ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६८/०२/०१ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **८३२१८** को **सिभिल सोसाइटी कन्स्ट्रक्सन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१२/०६ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## Saudi/Bahrain मा रोजगार
Jussur Emdad Human Resources Company, Saudi
पूर्व स्वीकृती मिति: २०८१/१२/६ चलानी नं. ६०२३४७८२ LT No.: 320682

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Heavy Truck Drivers | 15 | काममा दक्ष | 1800 | ६६,५०० |- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

Yulia Roastery Coffee, Bahrain पूर्व स्वीकृती मिति: २०८१/१२/६ चलानी नं.६०२३४८१२ LT No.: 320706

| सि.नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Sales Girls/Cashier | 1 | काममा दक्ष | 150 | ५५,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८१ चैत्र १४ गते (27 March, 2025) यस प्रा. लि. को कार्यालय महालक्ष्मीस्थान, ललितपुरमा हुनेछ ।

Takura Overseas Pvt. Ltd.
Govt. Lic. No.: 1538/078/079
Mahalaxmisthan-15, Lalitpur, Tel : 01-4529674, 4529675
Mob.No: 9802325537, Email: sd.takuraoverseas@gmail.com



## Saudi मा रोजगार
Etimad Human Resources Company.
पुर्व स्वीकृति मिति: २०८१/१२/६ चलानी नं. ६०२३४७८० LT No. 320573

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Helper/Kitchen Helper | 25 | काममा दक्ष | 1000 | ३६,९७०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८१ चैत्र १४ गते (27 March, 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

CHERISH OVERSEASE PVT. LTD. Gov. Lic No. 1304/074/075
Samakhusi Town Planning, Kathmandu,Tel: 01-4980414, 4963776
Email : info@cherishovs.com, Website : www.cherishovs.com



## UAE मा रोजगार
Carrara Mid East Industrial Co.
पूर्व स्वीकृति मिति: २०८१/१२/६ चलानी नं. : ६०२३४८२१ LT No.320659

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Marble Cutter/Fixer | 40 | काममा दक्ष | 1200 | ४५,३००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८१ चैत्र १४ गते (27 March, 2025) यस प्रा. लि. को कार्यालय ताल्चिखेल, ललितपुरमा हुनेछ ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.
श्रम इजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल -१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE


## सामाजिक विकास कार्यालय
### धनगढी, कैलाली

**E–Bidding मार्फत बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकासित मिति: २०८१/१२/०६**

यस कार्यालयको आ.व २०८१/०८२ को कार्यक्रममा तपशिलका निर्माण कार्यहरु गर्नुपर्ने भएको हुँदा यो सूचना पेश गरिएको छ । विस्तृत जानकारीको लागि website: bolpatra.gov.np/egp हेर्न सकिनेछ ।

| S. N. | Contract Identification Number | Description of Work | Total Cost Excluding Contingency, VAT & PS (NRs) |
|---|---|---|---|
| 1. | SDO/Works/NCB/2081/82/41 | Construction of 1st Floor in Janjyoti aa vi Tikapur na pa–01, kailali | 26,21,671.97 |
| 2. | SDO/Works/NCB/2081/82/42 | Balkanya ma vi Bhautik sanrachana nirman Bardagoriya–01, Kailali | 21,34,694.43 |

**कार्यालय प्रमुख**

## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

**प्रकाशित मिति : २०८१/१२/०७ गते**

यस फर्म/कम्पनीले चाईना/इण्डिया बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपशिल

| सि.नं. | मालवस्तुको विवरण | आकार (mm) | ब्राण्ड | मोडल | औसत क्षमता | उत्पतिको मूलुक/राष्ट्र | ईकाई | प्रति ईकाई भ्याट बिनाको मूल्य | अधिकतम खुद्रा विक्री मूल्य (भ्याट सहित) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | REFRIGERATOR | 596*690*1260 | HITECH | HS-225CML/HS-225CBL | 195L | INDIA | Pcs | 28,443.36 | 32,141.00 | |
| 2 | REFRIGERATOR | 596*690*1350 | HITECH | HS-245CML/HS-245CBL | 215L | INDIA | Pcs | 30,927.43 | 34,948.00 | |
| 3 | REFRIGERATOR | 596*690*1260 | KEC | KEC-226FLRD/KEC-226FLBD | 195L | INDIA | Pcs | 28,443.36 | 32,141.00 | |
| 4 | REFRIGERATOR | 596*690*1350 | KEC | KEC-253FLRD/KEC-253FLBD | 215L | INDIA | Pcs | 30,927.43 | 34,948.00 | |
| 5 | REFRIGERATOR | 596*690*1260 | ROWA | RS-226TMF/RS-226TBF | 195L | INDIA | Pcs | 28,443.36 | 32,141.00 | |
| 6 | REFRIGERATOR | 596*690*1350 | ROWA | RS-253TMF/RS-253TBF | 215L | INDIA | Pcs | 30,927.43 | 34,948.00 | |
| 7 | REFRIGERATOR | 530*530*1115 | JN HITACHI FUJIAN | HF-193CSBL | 190L | INDONESIA | Pcs | 29,684.96 | 33,544.00 | |
| 8 | REFRIGERATOR | 540*540*1220 | JN HITACHI FUJIAN | HF-219CSML | 210L | INDONESIA | Pcs | 30,927.43 | 34,948.00 | |
| 9 | REFRIGERATOR | 540*540*1220 | JN HITACHI FUJIAN | HF-219GLX/HF-219GLB | 210L | INDONESIA | Pcs | 32,169.03 | 36,351.00 | |

जे.एन. इण्डस्ट्रीज प्रा.लि., सँतुगल, काठमाडौं, फोन नं. : ९८०१३१५७५० स्थायी लेखा नं.: ६०१८५६५५८


## यूएई र साईप्रसमा रोजगार
कम्पनी: KTB CARPENTRY& FLOORING CONTRACTING L.L.C शहर: Dubai
पूर्व स्वीकृत मिति: २०८१/१२/०६ चलानी नं.: ६०२३४८३१ LT. No.: 320672

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,१५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician General | 3 | 0 | | 1200 | ४५,१५६ | | | | | | | |
| 3. | Electrician Assistant | 3 | 0 | | 1200 | ४५,१५६ | | | | | | | |
| 4. | Tile Layer | 3 | 0 | | 1200 | ४५,१५६ | | | | | | | |
| 5. | Steel Fixer(Building) | 3 | 0 | | 1200 | ४५,१५६ | | | | | | | |
| 6. | Plumber Assistant | 2 | 0 | | 1200 | ४५,१५६ | | | | | | | |
| 7. | Brick Mason/Mason | 3 | 0 | | 1200 | ४५,१५६ | | | | | | | |

कम्पनी: K. Kazamias Net Limited शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०८१/१२/०६ चलानी नं.: ६०२३४४५५ LT. No.: 320244

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 2 | 18 | स. काममा दक्ष | 400 | ६०,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १४ गते (27 March 2025) मा हुनेछ ।

BIRD SKY H.R. PVT.LTD श्रम इजाजत नं. १६०५/०७९/०८०
सिनामंगल-०९, काठमाडौं, नेपाल, फोन: +977-1-5913815, 5913915,
E-mail: info@birdskyhr.com.np, Website: www.birdskyhr.com.np



## UAEमा रोजगार
कम्पनी : Cemmax Engineering General Contracting L.L.C
शहर: UAE, Abu Dhabai
पूर्व स्वीकृती मिति : २०८१/१२/०६ चलानी नं. ६०२३४७८७ LT No. 320620

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Safety Officer | 1 | काममा दक्ष | 1500 | ५६,३६५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |
| २. | Accountant (Male) | 1 | | 2000 | ७५,१५० | | | | | | | |
| ३. | Models Maker | 3 | | 1500 | ५६,३६५ | | | | | | | |
| ४. | Light Technician | 3 | | 1200 | ४५,०९० | | | | | | | |
| ५. | Follow Up Clerk | 1 | | 1500 | ५६,३६५ | | | | | | | |
| ६. | Minning Technician | 3 | | 1500 | ५६,३६५ | | | | | | | |

अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौंमा २०८१ चैत्र १४ गते (27 March, 2025) मा हुनेछ ।

Empire International Pvt. Ltd. Lic. No. 695/063/064
Shantinagar, Kathmandu, Nepal
Phone No.: 01- 4621348,4620715
E-mail: jobs@empirenpl.com.np



## कुवेतमा रोजगार
कम्पनी: KAYAN ALDAWLYIA CO. FOR GENERAL CLEANING SERVICES FOR BUILDING शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/१२/०६ चलानी नं.: ६०२३४७७९ LT. No.: 320642

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | G.Cleaning Labour | 3 | 0 | स. काममा दक्ष | 200 | ८९,७६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १४ गते (27 March 2025) मा हुनेछ ।

SRK ओभरसिज नेपाल प्रा. लि. साबिकको नाम (SRK नेपाल प्रा. लि) Govt. Lic. No. 1156/073/074
सामाखुसी चोक टोखा १०, ज्ञान संसार स्कूलको अगाडी, फोन: ०१४९६३४०३, ०१४९५७६८३, ९८०१८९४४३३, ९८१८६५८०९८



## साउदीमा रोजगार
कम्पनी : Artikaz Transport Est. शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/१२/०६ चलानी नं.: ६०२३४८२० LT.NO.: 320719

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 10 | 0 | स. काममा दक्ष | 1800 | ६६,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १४ गते (27 March 2025) मा हुनेछ ।

रोज ओभरसिज प्रा.लि. श्रम इजाजत नं. १४७/०५६/०५७
चण्डोल चोक, बंसिधर मार्ग, काठमाडौं, फोन नं. : ४४१२८७४, ४४४६१०५, फ्याक्स : ४४१७२४०
E-mail : roseoverseas@yahoo.com, roseovrs147@gmail.com, Web : www.roseoverseas.com.np



## साउदीमा रोजगार
कम्पनी: Al-Jawla Company Limited is a one person company शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१२/०६ चलानी नं.: ६०२३४८१४ L.T. No.: 320666

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY BUS / TRUCK DRIVER | 9 | 0 | स. काममा दक्ष | 1800 | ६६,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १४ गते (27 March 2025) मा हुनेछ ।

Pigeon H.R. Solutions Pvt. Ltd. Govt Lic. No. 1366/074/075
गोंगबु-२६, काठमाडौं, फोन : ०१-४९६५०२२.
Email: pigeonhrsolutions@gmail.com, Website: www.pigeonhr.com



## CYPRUS मा रोजगार
कम्पनी : ORTHODOXOU EMPLOYMENT BUREAU LTD शहर: LARNACA
पूर्व स्वीकृत मिति: २०८१/१२/०५ चलानी नं.: ६०२३४७२३ L.T. No.: 320592

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | EMPLOYEE | 5 | 15 | स. काममा दक्ष | 700 | १,०५,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १४ गते (27 March 2025) मा हुनेछ ।

PEOPLE HRS PVT. LTD. Gov. Lic No. 1475/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4110617
Email: connectus1475@gmail.com, Web.: www.peoplehrsnepal.org

# 'अक्षत अन्टार्कटिका' लिएर आए जीबा




**काठमाडौं/मस-** प्रसिद्ध उद्यमी एवं लेखक जीबा लामिछाने नियात्राकृति 'अक्षत अन्टार्कटिका' लिएर आएका छन्।

बुधबार नेपाल प्रज्ञाप्रतिष्ठानमा लेखक लामिछाने र पत्रकार एवं लेखक वसन्त बस्नेतले कृति सार्वजनिक गरे।

सो क्रममा पत्रकार बस्नेतले लेखक लामिछानेसँग कृतिमा केन्द्रित रहेर संवाद गरेका थिए। लामिछानेले पृथ्वीको सबैभन्दा रहस्यमय एवं कौतुकमय स्थानको भ्रमण गर्ने इच्छा रहेको र त्यो गत वर्ष सम्भव भएपछि कृति लेखिएको बताए।

नियात्रालाई पनि आख्यानीकरण गर्ने प्रयास गरेको लामिछानेले सुनाए। अन्टार्कटिकामा चिसो र हिउँ मात्र नभएर सौन्दर्य पनि रहेको लेखक लामिछानेको भनाइ थियो।

'अक्षत अन्टार्कटिका'मा लेखकले १३ देखि २४ जनवरी २०२४ सम्मको अन्टार्कटिका यात्राका अनुभवहरू उल्लेख गरेका छन्।

यसअघि 'सरसर्ती संसार' र 'देश-देशावर प्रकाशन गरेका लामिछानेको तेस्रो कृति 'अक्षत अन्टार्कटिका' फाइन प्रिन्टले प्रकाशन गरेको हो।

# कतारमा पल, टंक र स्मारिकाको इद धमाका

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ६ चैत।

चर्चित नायक तथा मोडल पल शाह कतार आउने भएका छन्। मुस्लिम धर्मावलम्बीहरूको महान् पर्व इद उल फित्रको अवसरमा अल लुक्ता स्थित ट्युनिसियन स्कुलको कभर्ड हलमा ३१ मार्चमा 'मानव सेवा आश्रम नेपालको सहयोगार्थ' आयोजना गर्न लागिएको नेपाली इद धमाका-२०२५ मा सांगीतिक प्रस्तुति दिन नायक पल सँगै गायक, सर्जक टंक तिमिल्सिना र मोडल तथा डान्सर स्मारिका ढकाल कतार आउने आयोजकले जनाएको छ।

आयोजकले एक मिट एण्ड ग्रीट कार्यक्रमको आयोजना गर्दै कार्यक्रमका कम्तीमा २५ वटा टिकट बिक्री गर्ने संस्था वा व्यक्तिलाई एउटा विशेष पास उपलब्ध गराउने ५० भन्दा बढी बेच्नेलाई सिल्भर स्पोन्सर, १ सय बेच्नेलाई गोल्डेन, १ सय ५० टिकट बेच्नेलाई प्लाटिनम र २ सय भन्दा बढी टिकट बेच्नेलाई डाइमण्ड स्पोन्सरको रूपमा वर्गीकरण गरी राखिने जनाएको छ।

कार्यक्रममा टिकट लिएर कार्यक्रममा सहभागी हुने नेपाली महिलाहरूका लागि कार्यक्रमको मेकअप पार्टनर हर्मोषा ब्युटी पार्लरले ३१ मार्चबाट लागू हुनेगरी ४५ दिन भित्र टिकटको अर्धकट्टी लिएर गएमा २५ प्रतिशत छुट प्राप्त गर्नेछन्। कार्यक्रमका बारेमा 'प्रमोसन भिडियो' निर्माण गरी सामाजिक सञ्जालमा अपलोड गरी लिक आयोजकलाई उपलब्ध गराउन आग्रह गरेको छ। प्राप्त भिडियोहरू मध्यबाट उत्कृष्ट ३ जनाले आकर्षक पुरस्कार प्राप्त गर्ने आयोजकले जनाएको हो। कार्यक्रममा प्रवेशका लागि ५०, एक सय र संयुक्त परिवारका लागि पाँच सय रियालको शुल्क लाग्नेछ। दिउँसो १२:३० बजेबाट हुने उक्त कार्यक्रममा आउन जानको लागि विभिन्न ठाउँबाट यातायातको सुविधा पनि रहने आयोजक संस्था तथा कार्यक्रमका म्यानेजर राकेश श्रेष्ठले जानकारी दिए।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
**कोष तथा लेखा नियन्त्रक कार्यालय**
डोल्पा

## बढुवा समितिको सचिवालयको सूचना

**प्रकाशन मिति: २०८१/१२/०७**

लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरीको तपशिल बमोजिमको बढुवा सूचना नं. अनुसार नेपाल प्रशासन सेवा, लेखा समुह रा.प. अनं. प्रथम श्रेणी लेखापालको देहायको रिक्त पदमा बढुवा समितिको मिति २०८१/१२/०६ गतेको बैठकबाट तपशिल बमोजिमका उम्मेदवारहरूलाई बढुवाको लागि सिफारिस गर्ने निर्णय भएकोले निजामति सेवा ऐन, २०४९ को दफा २४ (च) को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

**बढुवा सूचना नं. २३५/०८१-८२ जेष्ठता तथा कार्यसम्पादन मूल्याङ्कन**

| यो.क्र.नं. | सेवा/समूह | कर्मचारीको संकेत नं. | उम्मेदवारको नामथर | सिफारिस गरिएको कार्यालय |
|---|---|---|---|---|
| १ | प्रशासन/लेखा | २०१८९४ | राजेन्द्र उपाध्याय | कोष तथा लेखा नियन्त्रक कार्यालय, डोल्पा। |

**बढुवा सूचना नं. २९८ / ०८१-८२ कार्यक्षमता मूल्याङ्कन**

| यो.क्र.नं. | सेवा/समूह | कर्मचारीको संकेत नं. | उम्मेदवारको नाम थर | सिफारिस गरिएको कार्यालय | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | प्रशासन/लेखा | २१४९१९ | डिल बहादुर बराल | कोष तथा लेखा नियन्त्रक कार्यालय, डोल्पा। | ९८ |

## यूएईमा रोजगार

कम्पनी: TORONTO STAR CLEANING SERVICES LLC - BRANCH 01 शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/१२/०६ चलानी नं.: ६०२३४८२८ L.T. No.: 320656

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Worker | 6 | 0 | स. काममा दक्ष | 900 | ३३,८६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १४ गते (27 March 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Supa Deurali Human Resource Pvt. Ltd.**
SDHR
Gov. Lic No. 1473/074/075
Samakhusi -26, Maipi, Kathmandu, Nepal
Tel: +977- 1- 4387429 | Email: supadeurali27@gmail.com, Web.: www.supadeuralimanpower.com

## साउदीमा रोजगार

कम्पनी: ABDULLAH I. AL-MUNIEF EST FOR TRADING & TRANSPORTATION शहर: KSA
पूर्व स्वीकृत मिति: २०८१/०३/१८ चलानी नं.: ६०२२१७७८ L.T. No.:306984 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 14 | 0 | स. काममा दक्ष | 1800 | ६६,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १४ गते (27 March 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**स्काई-वे म्यानेजमेन्ट प्रा. लि.**
श्रम इजाजत नं. ९००/०६७/०६८
गौशला, काठमाडौं, नेपाल, फोन: ४५६०१६०, Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com

## साउदी र यूएईमा रोजगार

कम्पनी: SUMOU MODERN CONSTRUCTION CO. शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०८१/१२/०५ चलानी नं.: ६०२३४७५१ LT. No.: 320586

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | स. काममा दक्ष | 1500 | ५५,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: AL TAYSEER ADVANCED OPERATION AND MAINTENANCE शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१२/०६ चलानी नं.: ६०२३४८०३ LT. No.: 320636

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shelves Packing Worker | 35 | 0 | स. काममा दक्ष | 1000 | ३६,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: ANWAR AL-TARIQ COMMERCIAL SERVICES COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/०५/०७ चलानी नं.: ६०२२४०१० LT. No.:309342 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 7 | 0 | स. काममा दक्ष | 1300 | ४७,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: TAKWEEN AL FAN CONTRACTING COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१०/२७ चलानी नं.: ६०२३२७३० LT. No.: 318480 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 25 | 0 | स. काममा दक्ष | 1000 | ३६,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: TAREEQ AL SALSABIL TECHNICAL SERVICES शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०७/१४ चलानी नं.: ६०२३०७४० LT. No.: 313080 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ac Mechanical | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ८२,७८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Construction Supervisor | 1 | 0 | | 2300 | ८६,५४९ | | | | | | |
| 3. | Electrician (Gen.) | 1 | 0 | | 2300 | ८६,५४९ | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १४ गते (27 March 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,०००/ |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

RGC RAJ GROUP OF COMPANIES
License No.:1245/074/075
**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

## साउदीमा रोजगार

कम्पनी: THE PERFECT TIME CENTER FOR RELAXATION शहर: AL RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१२/०६ चलानी नं.: ६०२३४८०७ L.T. No.: 320698

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 3 | 0 | स. काममा दक्ष | 1200 | ४४,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १४ गते (27 March 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**टि. जि. एल. नेपाल प्रा. लि.**
श्रम इजाजत नं. ८५३/०६६/०६७
बसुन्धारा, काठमाडौं, (नापी कार्यालय अगाडी), फोन: ५९०६२५२ फ्याक्स: ५९०६२५३

## कतारमा रोजगार

कम्पनी: ANCILLA HOSPITALITY AND CLEANING SERVICES शहर: QATAR
पूर्व स्वीकृत मिति: २०८१/१२/०६ चलानी नं.:६०२३४७७१ LT. No.: 320624

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Toilet Cleaner | 0 | 5 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Office Cleaner | 0 | 5 | | 1000 | ३७,९२० | | | | | | |
| 3. | Cleaner/Public Building | 5 | 0 | | 1000 | ३७,९२० | | | | | | |
| 4. | Dry Clean Worker | 0 | 5 | | 1000 | ३७,९२० | | | | | | |

कम्पनी: AL RAIS MAINTENACE शहर: QATAR
पूर्व स्वीकृत मिति:२०८१/१२/०६ चलानी नं.: ६०२३४७७० LT. No.: 320623

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 7 | 0 | स. काममा दक्ष | 1000 | ३७,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १४ गते (27 March 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

